## स्वास्थ्य सचिव बनिन् डा.चौधरी

काठमाडौं । मन्त्रिपरिषद्को हिजो बसेको बैठकले स्वास्थ्य सचिवमा डा. पुष्पा चौधरीलाई नियुक्त गर्ने निर्णय गरेको छ । डा. चौधरी मन्त्रालयकी प्रमुख विशेषज्ञ हुन् । स्वास्थ्य सचिवका लागि चौधरीसँगै प्रमुख विशेषज्ञद्वय डा. विनोदमान श्रेष्ठ तथा डा. सुशीलनाथ प्याकुरेल पनि दाबेदार थिए । डा. किरण रेग्मीले गत मंसिर १८ गते अनिवार्य अवकास पाएसँगै स्वास्थ्य सचिव पद रिक्त थियो । वरियतामा पहिलो नम्बरमा रहेकी चौधरीले निमित्त सचिव भएर काम गर्दै आएकी थिइन् ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

## असाध्य रोगीलाई मासिक ५ हजार

काठमाडौं । सरकारले मृगौला, क्यान्सर र स्पाइनल कर्ड इन्जुरीका बिरामीलाई मासिक ५ हजार जीविकोपार्जन भत्ता दिने निर्णय गरेको छ । मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले उक्त निर्णय गरेको हो ।

मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार दुवै मृगौला फेल भएका, क्यान्सर रोग लागेका र स्पाइनल कड इन्जुरी भई प्यारालाइसिसको बिरामी भएकालाई मासिक ५ हजार भत्ता उपलब्ध गराउने निर्णय गरेको हो । यसअघि मृगौला पीडितलाई निःशुल्क डाइलोसिसको सेवा समेत प्रदान गरेको थियो ।

वर्ष ६ अंक ३६, २०७४ साल पुस १४ गते शुक्रबार, नेपाल संवत् ११३८ (Dec. 29, 2017) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## सरकार आर्थिक अनियमिततामा

काठमाडौं । आर्थिक अनियमिततामा विगतमा समेत बदनाम भएका शेरबहादुर देउवाले अहिले पनि राष्ट्रको सम्पत्ति आफ्नै बाबुका धन्सारको धान सम्झेर अनियमितता गरिरहेका छन् । उनले झन्डै ४० करोड जति रकम आफ्ना आसेपासे र कार्यकर्तालाई वितरण गरिसकेका छन् । गरिब दुःखीलाई होइन, छानी छानी कार्यकर्तालाई रकम बाँडेर राष्ट्रिय ढिकुटीमा नांगो नाच देखाएका देउवाले नयाँ सरकारलाई खाली ढिकुटी जिम्मा लगाउँदै छन् ।

देउवा मन्त्रिपरिषद्का जन्ती मन्त्रिमण्डलका सदस्यहरुले जिल्ला भ्रमण गर्दा व्यक्तिगत र पार्टीको चुनाव प्रचारप्रसार गरे पनि राष्ट्रिय ढिकुटी खर्च गर्दै भ्रमण अनुगमन शीर्षकको बिलबाट खर्च फछ्र्यौट गरेका छन् । निर्वाचनको क्रममा पार्टीको चुनाव प्रचारप्रसारमा देश दौडाहा गर्दा प्रयोग गरेको हेलिकप्टरको बाँकी ८ पेजमा

# सत्ता आलोपालोको खेल दोहोरिने संकेत

काठमाडौं । नेकपा (एमाले) र माओवादी केन्द्रबीच पार्टी एकताको उद्घोषसहित निर्वाचनमा गठबन्धन बनेको थियो । वाम एकता र मुलुकमा स्थिरता होला भन्ने अपेक्षा राख्नेहरुले गठबन्धनलाई दिल खोलेरै मतदान गरे । सरकार गठनका लागि सुविधाजनक सिट संख्या प्राप्त गरेको वाम गठबन्धनभित्र पार्टी एकता र सरकार निर्माणको विषयलाई लिएर भने मतभेद उत्पन्न भएका समाचारले यस बीचमा निकै ठूलो बजार तताउने काम गऱ्यो । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल चितवन गएर निकै दिन अलमलिएपछि थप आशंकाहरु उत्पन्न भएकोमा गत बुधबार एमाले अध्यक्ष केपी ओली निवास बालकोटमा दुई नेताबीच भएको लामो छलफलपछि एकताको खाका छिट्टै तयार पार्ने र सरकार निर्माणतर्फ लाग्ने सहमति भएको छ ।

दुवै नेताबीच पार्टी एकीकरण, सरकार गठन तथा प्रधानमन्त्री शेरबहादुर देउवाको राजीनामा लगायतका विषयलाई लिएर डेढ घन्टासम्म छलफल चलेको थियो । दुई नेताको छलफलपछि पार्टी एकताका विषय तथा सरकार



गठनका विषयमा उब्जिएका आशंकालाई केही मत्थर पार्ने काम भएको छ । एमाले र माओवादीबीच आफ्नो बार्गेनिङ पावरलाई बलियो बनाउन अघोषित रुपमा प्रतिस्पर्धा नै चलिरहेको अवस्था छ । माओवादी अध्यक्ष प्रचण्डले नेपाली कांग्रेसले पाँच वर्षसम्म प्रधानमन्त्री बन्ने अफर देउवामार्फत गरेको कुरा बाहिर ल्याएका थिए । यसको काउन्टरमा एमाले नेताहरुले फोरम नेता उपेन्द्र यादवसँग सम्पर्क गरी सरकारको जोडघटाउ गर्न थालेको संकेत बाहिर ल्याए । एमालेबिना पनि माओवादीको राम्रो पोजिसन बन्ने र माओवादीको सहयोगबिनै पनि एमालेलाई सरकार निर्माणको ढोका खुलै रहेको संकेत दिने खालका क्रियाकलापले पार्टीका शुभेच्छुक तथा गठबन्धनलाई भोट दिने जनतामा निराशा पैदा हुनु अस्वाभाविक होइन । मुलुकमा फेरि पनि अस्थिरताको बादल मडारिन सक्ने आशंकाले मुलुकको विकास र स्थिरता चाहने जनतालाई अवश्य पनि निराश बनाउँछ ।

निर्वाचनलगत्तै पार्टी एकीकरण गर्ने बताएका दुई दलबीच निर्वाचन सम्पन्न भएपछि पार्टी र सरकारको नेतृत्वबारे विवाद बढ्न थालेको थियो । निर्वाचनमा पहिलो पार्टी भएकाले एमाले अध्यक्ष केपी ओलीले सरकारको नेतृत्व गर्ने कुरामा माओवादी पनि सहमत भए पनि आलोपालो सरकारको नेतृत्व गर्ने र पार्टीको नेतृत्व माओवादीले पाउनुपर्ने विषय नै अहिले पेचिलो बन्दै गएको हो ।

माओवादी केन्द्रलाई पार्टी एकतामा जानु हुँदैन भनेर एकताको विरोध गर्ने पार्टीभित्र समेत रहेका छन् भने बाहिरबाट उक्साउनेको संख्या पनि कम छैन । माओवादी नेता गोपाल किराँतीले पार्टी फुटाउने उद्घोष गरिसकेका छन् भने अर्का नेता बाँकी ८ पेजमा

## पराजयको समीक्षा गर्दै नेकपा (माले)

काठमाडौं । विगतमा सत्ता र संसदमा समेत उपस्थिति देखाउँदै आएको नेकपा (माले) लाई यसपटकका निर्वाचन फापेनन् । स्थानीय तहदेखि प्रदेश हुँदै प्रतिनिधिसभासम्म आफ्ना उम्मेदवारहरुको शून्य उपस्थिति झेल्न विवश भएको माले राजनीतिक पराजयबाट गम्भीर पाठ सिक्दै संगठन सुदृढीकरणतर्फ लाग्ने भएको छ ।

नेकपा (माले) का पोलिटब्युरो सदस्य कृष्ण रानाका अनुसार तीव्र राजनीतिक ध्रुवीकरण र चुनावको मुखमा भएका अस्वाभाविक गठबन्धनहरुका कारण नै माले पराजित हुन पुगेको हो । त्यसैगरी ठूला दलका उम्मेदवारहरुले गरेको अनियन्त्रित पैसाको चलखेल र केही पार्टीहरुको मिडियामा भएको अतिरञ्जित प्रचारप्रसारका कारण सिद्धान्त, आस्था र मूल्य मान्यताको राजनीति गर्ने माले जस्ता दल पराजित हुन परेको नेता रानाको ठहर छ ।

यसैबीच नेकपा (माले) ले निर्वाचनको गम्भीर समीक्षा गर्दै भावी राजनीतिक कार्यदिशा तयार गर्न पुस १८ गते केन्द्रीय समितिको समीक्षा बैठक बोलाएको छ । त्यसैगरी प्रदेश स्तरमा समेत छलफल गरी पार्टीलाई गतिशील र नयाँ शिराबाट अगाडि बढाउन प्रदेश कमिटीहरुका समेत बैठक बोलाइ छलफल गर्ने तयारी गरेको छ ।

प्रदेश नं. ३ को समीक्षा बैठक १५ गते शनिबार बानेश्वरस्थित पार्टीको कार्यालयमा बस्ने भएको छ । नेकपा (माले) ले वडा र टोल स्तरमा समेत नयाँ कमिटी गठन गरी अझ सक्रियताका साथ राजनीतिक अभियानलाई अगाडि बढाउने तयारी थालेको छ ।

## बोकाको टाउकोमा भैंसीको सिङ ?

काठमाडौं । एकात्मक राज्य सत्तालाई मुलुकको आर्थिक विकासको बाधक मान्दै नयाँ संविधानबमोजिम सात वटा प्रदेशमा मुलुकको विभाजन भएको छ । नयाँ संघीय ढाँचाबमोजिमका सरकार निर्माण गर्ने तयारी हुँदैछ भने आगामी पाँच वर्षसम्मका लागि केन्द्र र प्रदेश हाँक्ने नेताहरु समेत निर्वाचित भएर आइसकेका छन् ।

सरकारको राजस्व र आन्तरिक ऋणले मात्र नयाँ संरचनाबमोजिमको खर्च धान्न नसक्ने निष्कर्षमा अर्थमन्त्रालयका अधिकारीहरु पुगिसकेका छन् । उनीहरुले संघीयता सञ्चालनका लागि गरेका खर्चका पूर्वानुमानले फेल खाइसकेको छ भने खर्चको भार अत्यधिक बढ्ने देखिन्छ । सरकारले विश्व बैंकलाई ऋण, सहायता खोजिदिनका लागि पत्राचार गर्ने तयारी गरिरहेको समाचार सार्वजनिक भइसकेका छन् ।

प्रदेश संरचना निर्माण र स्थानीय तहको व्यवस्थापनका लागि ३ खर्ब ५० अर्ब रुपैयाँ आवश्यक पर्ने अर्थमन्त्रालयको अध्ययनले देखाएको छ । सातवटै प्रदेश र सबै स्थानीय तहलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याई सेवा सञ्चालन गर्न थप ८ खर्ब २० अर्बदेखि १० अर्बसम्म बजेट आवश्यक पर्ने अर्थको अनुमान रहेको छ ।

संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार आर्थिक वर्षको सुरुमै एकतिहाई रकम स्थानीय तहलाई अनुदानका रुपमा सरकारले दिनुपर्ने हुन्छ । स्थानीय तहलाई पठाएको रकम खर्च नभए पनि केन्द्रले फिर्ता गर्न नमिल्ने कानुनी प्रावधान रहेको छ ।

निर्वाचन सम्पन्न गराउन निर्वाचन आयोगलाई पनि सरकारले करिब ५४ अर्ब रुपैयाँ निकासा दिइसकेको छ । जसले गर्दा सरकारको ढिकुटी सकिँदै गइरहेको छ । अब सरकार प्रदेश प्रमुख र राजधानी तोक्ने तयारी गरिरहेको छ । राजधानी र प्रदेश प्रमुख तोकिने बित्तिकै अर्थ मन्त्रालयले तत्कालै प्रदान गर्ने तयारी गरिरहेको छ । भूकम्पको पुनःनिर्माण लगायतमा पनि उत्तिकै रकम खर्च भएकाले यस वर्ष खर्चको दबाब थेगिनसक्नु ढंगले बढेको छ । राजस्व र आन्तरिक ऋणले मात्र खर्चको भार थाम्न नसक्ने भएपछि वैदेशिक ऋण सहायताका लागि गुहार्ने तयारी भइरहेको छ ।

भावी प्रधानमन्त्रीका रुपमा चर्चा पाइरहेका एमाले अध्यक्ष केपी ओलीले केही पहिला एउटा भाषणमा संघीयता 'बोकाको टाउकोमा भैंसीको सिङ' लगाएजस्तो हुन सक्ने भनेका थिए । अहिले उनै ओली मुलुकको जिम्मा लिने तयारी गरिरहेका छन् । ठूलो संख्याका सांसद सदस्यको खर्च, मन्त्रीहरु र कर्मचारीको खर्च थेगिनसक्नु हुने निश्चित छ । प्रदेशका सबै मन्त्रालयमा कर्मचारी उपलब्ध बाँकी ८ पेजमा

## चुनावी समीक्षा गर्दै कांग्रेस

काठमाडौं । नेपाली कांग्रेस निर्वाचनमा नराम्रोसँग पराजित भएपछि यसका कारणहरुबारे विभिन्न ढंगका समीक्षा भइरहेका छन् । पार्टीलाई सम्मानजनक ढंगले उभ्याउन नसकेपछि सभापति शेरबहादुर देउवाको राजीनामा मागिएको छ भने युवा पुस्ताका नेताहरुले अब बूढो पुस्ताबाट पार्टी नचल्ने ठहर गरिरहेका छन् ।

गगन थापा, धनराज गुरुङ, विश्वप्रकाश शर्मा, प्रदीप पौडेल, रामहरि खतिवडालगायत युवा नेताहरु कांग्रेसलाई नयाँ शिराबाट माथि उठाउने अभियानमा बहस चलाइरहेका छन् । कांग्रेसले पराजयको औपचारिक रुपमा समीक्षा गर्न ढिला गरिरहेको अवस्थामा सभापति शेरबहादुर देउवाले केन्द्रीय कार्यसम्पादन समितिको बैठक बोलाएका छन् । बाँकी ८ पेजमा

## विवादमा रानीपोखरी



काठमाडौं । राजधानी सहरको मुटुमा रहेको रानीपोखरी सिंगो सहरको शोभा र सुन्दरताको प्रतीकका रुपमा रहँदै आएको थियो । रानीपोखरीबारे पाठ्यपुस्तकमा पढेका विद्यार्थी मात्र नभएर राजधानी भित्रिने आन्तरिक पर्यटकको भ्रमण सूचीको महत्वपूर्ण गन्तव्यका रुपमा रानीपोखरी पनि रहने गरेको थियो । २०७२ सालको भूकम्पले रानीपोखरीलाई गम्भीर क्षति पुऱ्याएपछि पुनःनिर्माणका लागि पोखरीका माछा, हाँसलाई बालाजु लगायतका ठाउँमा लगेर पोखरी पूरै सुकाउने काम गरियो । अहिले रानीपोखरी पुनःनिर्माण गम्भीर विवादको घेरामा तानिएको छ ।

रानीपोखरी पुनःनिर्माणका विषयमा काठमाडौं महानगरपालिकाका मेयर, उपमेयरबीच नै मतभेद पैदा भएको छ । मेयर विद्यासुन्दर शाक्यले पोखरीको सम्पदा नमासिने गरी पुनःनिर्माणको काम भइरहेको दाबी गरेका छन् भने बाँकी ८ पेजमा

समय-सन्दर्भ |

## यसरी झाँगियो भ्रष्टाचारको जालो

नरेन्द्र मगर

नेपालमा भ्रष्टाचार, नातावाद, कृपावाद र चाकडीले इतिहासलाई नै प्रभावित तुल्याएको पाइन्छ । १०४ वर्षसम्म राणा शासन चलेपनि २००७ सालपछि स्थापना भएको प्रजातन्त्र विशुद्ध ढंगले अघि बढ्न सकेन । नयाँ शासनकहरूले राणाहरूकै नक्कल गरेर काम गर्न थाले । २००७ सालदेखि २०१७ सालसम्म मातृकाप्रसाद कोइराला, टंकप्रसाद आचार्य, के.आई. सिंह र वीपी कोइराला प्रधानमन्त्री भए तर टंकप्रसादबाहेक अरुले राष्ट्रियतालाई त्यति महत्व दिएनन् । केआई सिंहले राम्रो काम गर्न खोजे पनि उनको सरकार तीन महिनामै ढल्यो । राजा महेन्द्रद्वारा प्रतिपादित दलविहीन




व्यवस्थाले विकास र राष्ट्रियता दुवैलाई उच्च महत्व दियो । राजा महेन्द्रको स्वर्गारोहणपछि प्रजातन्त्रवादी राजा वीरेन्द्रको काँधका देशको जिम्मेवारी आयो । तर उहाँको शासनकालमा उहाँले चाहे जस्तो हुन सकेन । दरवारभित्रको एउटा गुटले राजा वीरेन्द्रको सोझोपनबाट फाइदा उठाएर राजाका नाममा शासन चलाएको देखिन्छ । तत्कालिन महारानी ऐश्वर्य, राजाका एडीसी शान्तकुमार मल्ल, रानीका माइती परिवार र तत्कालिन सचिवहरु रञ्जनराज खनाल, चिरनशमशेर थापा, नारायणप्रसाद श्रेष्ठ, रेवतीरमण खनाल, प्रहरी महानिरीक्षक डीवी लामालगायतका व्यक्तिहरूले राजा वीरेन्द्रलाई समेत गुमराहमा पारेर शासन गरे । तर, राजा वीरेन्द्रलाई इमानदारीपूर्वक सहयोग गर्नेहरू त्यतिबेला पनि उपेक्षित, अपहेलित र मानसिक आक्रमणको शिकार भए । उनीहरूको व्यक्तित्व समाप्त पार्न गिरोहले अनेकौं दुस्प्रचार गरिरह्यो ।

राजा वीरेन्द्र भ्रष्टाचार र अख्तियार दुरूपयोग रोकेर जनतालाई शान्ति, विकास र न्याय बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

### बढ्दो सहरीकरण र पर्यावरणीय चासो

विकासोन्मुख मुलुकका रूपमा रहेको नेपाल सहरीकरणको मार्गमा द्रुत रूपमा अघि बढिरहेको छ । सहरीकरणको विकाससँगै प्राकृतिक सम्पदाको विनाश भइरहेको छ भने सहरीकरण पनि अव्यवस्थित रूपमा अघि बढेको छ । अव्यवस्थित सहरीकरण र बस्ती विकासले प्राकृतिक सम्पदाको विनाश, नदीनाला, ढुंगेधारा, कुवा जस्ता प्राकृतिक पानीका स्रोतको विनाश, खेतीयोग्य कृषि भूमिको विनाश जस्ता कुराहरू भइरहेका छन् । अव्यवस्थित सहरीकरण र बस्ती विस्तारले गम्भीर प्रकृतिका पर्यावरणीय जोखिमहरू निम्तिने गरेका छन् ।

चौतर्फी रूपमा बढिरहेको भौतिक विकासले सहरमा हरियालीको अभाव भइरहेको अवस्थामा हाम्रो उत्तरको छिमेकी चीनले पूरै हरियालीपूर्ण बनाएर लिउहु सहरको विकास गर्न लागेको समाचार र तस्बिर मिडियाहरूमा सार्वजनिक भएको छ । चीनको उत्तरी भाग गुआँक्सी क्षेत्रमा बनाउन लागिएको ३० हजार जनसंख्या बसोबास गर्ने सहरमा उक्त जनसंख्यालाई स्वच्छ हावा समेत प्रदान गरिनेछ । यो सहरमा ४० हजार रूख र १ लाखभन्दा बढी बोटबिरूवा रोपिने योजना रहेको छ । सन् २०२० सम्ममा पूरा हुने गरी निर्माण गर्न लागिएको यो सहरले हरियो सहरको अवधारणा अनुसार संरचनाहरू निर्माण गर्नेछ ।

चीनले लिएको यो हरित सहर निर्माणको नमुनालाई हाम्रोजस्तो देशले पनि अनुशरण गर्न जरूरी छ । नयाँ संविधान कार्यान्वयनको लागि निर्वाचनका प्रक्रियाहरू पूरा भएर अब प्रदेश राजधानीहरू स्थापना गर्ने तयारी भइरहेको छ । सातवटा प्रदेशमा सातवटा राजधानी सहर निर्माण हुनेछन् । त्यसैगरी मध्यपहाडी लोकमार्गमा पनि पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म १० वटा नयाँ सहर निर्माणको प्रक्रियामा छन् । हुलाकी राजमार्गमा पर्ने विभिन्न जिल्लामा समेत नयाँ सहर निर्माण हुँदैछन् । त्यतिमात्र होइन, नयाँ नगरपालिका र गाउँपालिकाका सदरमुकामहरूमा समेत ठूला साना सहर निर्माण हुनेछन् । यसरी तीव्र रूपमा हुने नयाँ सहर निर्माणमा पर्यावरण संरक्षण र हरियाली निर्माणमा पर्याप्त रूपमा ध्यान पुऱ्याउने नीति निर्माण गर्न आवश्यक छ ।

हाम्रो राजधानी सहर काठमाडौं समेत अत्यन्तै भद्रगोलपूर्ण अवस्थामा रहेको छ । अव्यवस्थित बाटाघाटा, पर्याप्त हरियाली र पार्कहरूको अभाव, अनियन्त्रित सवारी साधन, धूलोधूवाँ जस्ता कुराले राजधानी सहर आक्रान्त बनेको छ । जनसंख्याको हिसाबले महानगर भए तापनि महानगर बमोजिमका पूर्वाधारहरूको भने अभाव छ । अब बन्ने नयाँ सरकारले विकासलाई मुख्य प्राथमिकता दिने कुरा चर्चाको विषय बनिरहेको छ । गाउँ, सहर सबैतिरका जनताले दलका नेताहरूसँग मतदान गर्नुपूर्व विकासकै माग राखेर प्रतिबद्धता जाहेर गर्न लगाएका छन् । विजयी बनेका दलहरूका घोषणापत्रमा आर्थिक विकासलाई प्राथमिकतामा राखिएको छ । मुलुकको चाहे जुनसुकै ठाउँमा किन नहोस् विकासको काम गर्दा पर्यावरणलाई ध्यान दिन जरूरी छ । विकाससँग प्राकृतिक विनाश जोडिएर आएको हुन्छ । वनजंगलको फणानी गरेर संरचना निर्माण गरिन्छ । यस्तो अवस्थामा क्षतिपूर्तिको लागि फणानी भएका संख्याको दोब्बर वृक्षरोपण गर्न आवश्यक छ । त्यसैगरी गाउँघरमा बिनायोजना र प्राविधिक सहयोगबिनै जथाभावी डोजर चलाएर बाटो निर्माण गर्ने चलन बढेको छ । भूबनावटको ख्याल नगरी जथाभावी बाटो बनाउँदा गम्भीर प्रकृतिका भूक्षय र बाढीपहिरोको खतरा आउन सक्छन्, त्यसैले बाटो निर्माण गर्दा यसतर्फ ध्यान दिन आवश्यक छ । त्यसैगरी धारा, कुवा जस्ता पानीका स्रोतलाई नोक्सान नपुग्ने गरी निर्माण कार्य गर्न उत्तिकै खाँचो छ ।

पर्यावरणीय जोखिमको विश्वव्यापी खतरा बढिरहेको सन्दर्भमा हाम्रोजस्तो मुलुकले पर्यावरण संरक्षण र जैविक विविधताको संरक्षणमा जोड दिँदै आर्थिक क्रान्तिसँग हरित क्रान्तिलाई जोडेर अघि बढ्न जरूरी छ । पर्यावरणमैत्री विकासको चेत फैल्याउन केन्द्रदेखि स्थानीय तहसम्मले सचेत हुन आवश्यक छ । अन्यथा विकासको नाममा विनाश निम्त्याउने काम मात्र हुनेछ ।

### भूलसुधार

यही पुस ७ गते पहिलो पृष्ठको 'नेपाली राजनीतिमा छिमेकीको चासो' शीर्षकको स्तम्भकार राजेन्द्र शर्माको लेखमा भूलबस अर्कै फोटो पर्न गएकोमा क्षमाप्रार्थी छौं । – *सम्पादक*

# केरुङ होइन महाकाली फर्कन एमालेलाई रअको आग्रह

**सुरेन्द्र ढकाल**
पोलिटब्युरो सदस्य
(नेकपा माले)



**मोदीको सरकारको नेपाल नीति असफल भई नेपाल चीनको पोल्टामा गयो भन्दै भारतीय अखबारहरूले भरमार लेख्न थाले । मोदीको नीद हराम हुन पुगेपछि उनले प्रचण्डसँग सिधै टेलिफोन सम्पर्क गरी प्रधानमन्त्री बन्न अनुरोध गरेपछि प्रचण्डको बोली फेरिन थाल्यो ।**

ओली र प्रचण्डको सक्रियतामा बनेको वाम गठबन्धनलाई विश्वास गरी झन्डै दुईतिहाई बहुमत नेपाली मतदाताहरुले दिलाएपछि ओली र प्रचण्ड दुबैले आफू प्रधानमन्त्री हुनुपर्ने जिकिर प्रत्यक्ष, अप्रत्यक्ष रुपमा सुरु गर्न थालेका छन् । राष्ट्रघाती महाकाली सन्धि अनुमोदन गराउँदा रअ खेमामा रहेका ओली चीनले नेपालमा सक्रिय कुटनीति सुरु गर्नासाथ रअ क्याम्प त्यागेर राष्ट्रवादी खेमामा आएको ब्यापक प्रचारप्रसार एमालेजनहरुले गरे ।

भारतले गरेको नाकाबन्दीताका ओलीले निर्वाह गरेको राष्ट्रवादी भूमिकाले धेरै हदसम्म सो प्रचारप्रसार सत्य भएको प्रमाणित गऱ्यो । नेपाली मतदाताहरुले पनि सो कुरा विश्वास गरे । जसको फलस्वरुप स्थानीय तहको चुनावमा उनीहरुले एमालेलाई सबैभन्दा ठूलो दल बनाइदिए । यो देखेर भारतीय गुप्तचर संस्था रअ आत्तियो । त्यही रुपमा प्रतिनिधिसभा र प्रदेशसभाको परिणाम आउने हो भने नेपाललाई सिक्किम बनाउने योजना त परै जाओस् आफूहरुले नेपालबाट सदाका लागि हात धुनुपर्ने स्थिति आउन सक्ने रअले अडकल काट्यो । त्यही परिप्रेक्ष्यमा कांग्रेस, माओवादी र मधेसीहरुको हातमा सत्ता निर्माणको साँचो पुग्ने गरी निर्वाचनको नतिजा आउने गरी दलहरुलाई गठवन्धनमा जान रअले प्रोत्साहन गरेकै कारण एमाले र माओवादीहरुको एउटा र कांग्रेसको नेतृत्वमा अर्को अकल्पनीय गठबन्धन तयार भयो ।

आफूलाई वाम गठबन्धन भन्नेहरुले नेमकिपा तथा मालेलाई कट्टर राष्ट्रवादी भएकै कारण गठबन्धनमा ल्याउन चाहेनन् न त माले र नेमकिपाले नै त्यसका लागि प्रयास गरे किनकी दुबै गठबन्धन रअको डिजाइनमा भएको उनीहरुले लख काटिसकेका थिए । रअ आफ्नो मिसनमा सफल रह्यो किनकी उसले सोचेजस्तै चुनावमा एमालेको एकल बहुमत आएन । वाम गठबन्धनको पक्षमा चुनावी नतिजा आउँदै गर्दा सुरुमा प्रचण्डले आफू खुबै हौसिएको नाटक गरे । ओलीले प्रचण्डको नाटक बुझ्न सकेनन् । उनी प्रचण्डभन्दा झनै बढी हौसिए र भारतलाई पाठ सिकाउन प्रचण्डलाई केरुङ लान खोजे, प्रचण्ड जान नमानेपछि आफ्नो दलबलसाथ उनी केरुङ पुगी त्यहींबाट उनले केरुङ काठमाडौं सडक चारलेनको बन्ने र सो नाका नेपाल चीनको मात्र नभई अन्तर्राष्ट्रिय नाका बन्ने उद्घोष गर्न समेत चुकेनन् । आफ्नो नेतृत्वको सरकार बन्नासाथ राष्ट्रपति सि जिन पिङ नेपाल आउने र चीनले नेपालमा अरबौं डलरको लगानी समेत गर्ने ढ्वाङ पनि फुकिदिए । ओलीको यो उद्घोषले दिल्लीमा रुवाबासी चल्यो ।

मोदीको सरकारको नेपाल नीति असफल भई नेपाल चीनको पोल्टामा गयो भन्दै भारतीय अखबारहरुले भरमार लेख्न थाले । मोदीको नीद हराम हुन पुगेपछि उनले प्रचण्डसँग सिधै टेलिफोन सम्पर्क गरी प्रधानमन्त्री बन्न अनुरोध गरेपछि प्रचण्डको बोली फेरिन थाल्यो । यसबाट हौसिएका भारतीय राजदुत पुरीले आफ्नै दुतावासमा कांग्रेस, माओवादी र मधेसीहरुलाई लन्च मिटिङमा बोलाई प्रचण्ड नेतृत्वको सरकारको खाकासमेत तयार गरेको समाचार बाहिर आएपछि एमाले आफू नराम्ररी फसेको बल्ल चाल पायो ।

प्रचण्ड नेतृत्वको सरकार नबनुञ्जेलसम्म काठमाडौंमा नै बस्ने गरी रअ प्रमुखको नेपाल आगमन भइसकेको र उनले ओलीसँग भेटी केरुङ छोडेर महाकालीतर्फ नै फर्कने हो भने आफूले हस्तक्षेप नगर्ने अन्यथा प्रचण्डको नेतृत्वमा ५ वर्षका लागि सरकार खडा गरी देखाइदिने धम्की दिएको थाहा हुन आएको छ । त्यतिमात्रै होइन एमालेभित्र रहेका रअका समर्थकहरुलाई उचाली एमालेलाई नै फुटाइदिने कुरासमेत उनले गरेका छन् रे । रअले भनेजस्तै भएमा एमालेको हैसियत ठूलो दल बनेको अवस्थामा समेत हात्ती आयो हात्ती आयो फुस्सा हुने अवस्था आइपुग्नु स्वभाविकै हो । झन् एमालेमा गएर के के न पाइएला भनेर माले छोडेर गएकाहरुको भने अब बिचल्ली नै हुने देखिएको छ ।

# केही सुझाव केही चेतावनी



**जगदीश लामिछाने**
रौतहट, पौराई

साधारणतया दक्षिणी छिमेकी राजदूत कर्मचारीले भ्रष्टाचारी विदेश बस्ने, कर्मचारी पक्षमा एसएमएस नै गरेर सामान्य प्रशासन मन्त्रीलाई नै पनि धम्की दिन्छन् भन्ने त भर्खरै प्रकाशित लालबाबु पण्डितको 'सिंहदरबार बदल्ने संघर्ष' किताब नै पर्याप्त छ । हो त्यस्तैहरुका प्रभावमा दबेर विश्वेश्वर, कृष्णप्रसाद, पुष्पकमल र बाबुरामले आफैं प्रधानमन्त्री भएरै पनि दुःख पाएका छन् । पुराना प्रधानमन्त्री मरिचमान र कीर्तिनिधिले त्यस्तै केही काममा दबेनन् भन्ने पनि देखियो । अहिले खड्गप्रसाद ओलीको एमाले दलले पनि अघिल्लो उनैका प्रधानमन्त्रित्वमा नदबेरै काम गर्दा नेपाली जनताले २०७४ को संसदीय चुनावमा सो दललाई सुविधाजनक सांसदहरु जिताइदिए भन्नेमा पनि शंका रहेन । तर शंका चाहिँ केमा रह्यो भने जीवनशैली राजसी बनाउने र दब्ने वामपन्थी नै माओवादी दलहरुलाई काँधमा बोकी हिँड्दा उनै केपी ओलीलाई धोका पर्छ कि भन्ने नै हो ।

किनभने उहिले श्री ५ महेन्द्रले दियालो बंगलामा मृत्यु नजिकै रहँदा नेता पुष्पलाललाई मन्त्रिमण्डल बनाउ भनी महेन्द्रकै सहयोगी खगेन्द्रजंग गुरुङसामु भनेकै रहेछन् । उनैका चेलाहरु प्रयोग गरेको २०५२ देखिको रक्तपात भर्खरै मत्थर भएको हो । सिमानाका जनता केपी ओलीको प्रधानमन्त्रित्वकालमा प्रयोग गरिएको सामान्य नै भन्नुपर्छ । चुनावताका विष्फोटहरुका कारण थाहै छ ।

यत्ति मात्रमा सीमित छैन, यो देशको जर्जर प्रशासन यन्त्रले श्री ५ महेन्द्रदेखि श्री ५ ज्ञानेन्द्रसम्म सबै पीडित नै रहे । त्यसका दर्शक लालबाबु पण्डित मात्र छैनन् २०५८ जेठ १९ दरबार हत्याकाण्डकालीन प्रधान सेनापति प्रज्वल नै अहिले अष्ट्रेलियामा आरामसाथ बसेका होलान् । उनलाई सेनापति नबनाई केहीअघि गृह सचिव हुने क्षेत्रविक्रमलाई सेनापति बनाउँछु भनी चाहने श्री ५ वीरेन्द्र नै घटनामा परेका हुन् । यसैले प्रहरी तथा सेनामा पनि विदेश बस्नेहरुको लर्को लागेकै छ । भुटानी शरणार्थीहरुलाई स्वदेश नफर्काई अमेरिका क्यानडा किन लगे र बाँकी १० हजार किन नेपालमै छोडे ? भन्नेतर्फ चरचेवा गर्न बाँकी नै छ । यसैले जतिसक्दो चाँडो नेपाली नागरिकहरुको मात्र भए पनि सम्पूर्णको विदेशको नागरिकता नछोड्नेहरुको नेपालमा रहेको जायजेथाको लगत भावी सरकारले बनाएर मात्र अरु काम सुरु गर्न राम्रो होला । एउटै उदाहरण दिउँ २०१८ देखि नै मन्त्री भई भर्खर गत वर्ष दिवंगत टुहुरा राजेश्वर देवकोटाका दुवै छोराको हक लाग्ने विशाल चौघेरा कम्पाउन्ड राष्ट्रपति भवन महाराजगन्ज अगाडि नै छ । ती दुवै विदेशमै छन् ।

अर्को कुरो भारतमा त धेरै नै छन् उत्तरी चीनमै पनि छन् कि ? तिनीहरुलाई ल्याएर केही दिन अघिदेखि नपाले चुनाव जितिँदैन भनी स्थानीय चुनावमा विराटनगरबासीले प्रचार गरेका नै हुन् । यस्ता भारततर्फ नेपालतर्फ पनि छन् । दोहोरो नागरिकतामा होस पुऱ्याउनैपर्छ भन्ने त अहिले दल बदलेर चुनाव जित्ने हृदयेश त्रिपाठीले आसाम दार्जिलिङबाट आएर नेपालमा नागरिकता लिई तराईमा बसिहाल्छन् भनेकै हुन् । भारत तथा नेपाल मिलेर बनेका प्रबुद्ध समूहमा ४ ।४ जनाको बैठक पनि अब सायद अन्तिमतिर एक वर्ष पनि बाँकी छैन क्यारे । भारततर्फका प्रबुद्ध व्यक्ति महेन्द्र पी लामा र भुवनचन्द्र उप्रेतीहरु समग्रमा आफ्नै गोर्खाल्यान्ड माग्ने दाउमा रहेछन् । महेन्द्र पी लामाले त नेपालकै अन्नपूर्ण पोस्टमा 'चुचुरोबाट' भन्ने स्तम्भकारै भएर सोही कुरा लेखी हाम्रा ४ ।५ अन्तर्राष्ट्रिय सिमाना छन् भनी नेपाललाई नै संकेत गरेकै छन् । बरु उनीहरुले नै पेस गरेअनुसार फोटो टाँसी परिचयपत्र बिना नेपाल भारत वा विदेश जान नपाइने व्यवस्था चाँडै नै गर्नु पनि अभिष्ट नै छ । यसै कुरामा पनि उसैबेलाका प्रधानमन्त्री मरिचमानकै राय नजिक हामी पुगेकै छौं भन्नैपर्ने भयो । सल्लाह जोसँग लिए पनि हुन्छ तर पनि राजनीतिमा सदैव एउटै शर्त रहन्छ । आफ्नो सिद्धान्तमा सफल भइएन भने सबै प्रयास व्यर्थै खेर गएकै हुन्छ । अरु कसैले आफ्नो जिम्मेवारी लिने कुरो नेपाल माताको भविष्यसम्मको हित हुने कुराको प्रयास नै ठूलो कुरा हो ।

नेपालीहरु आफैंले चुनेको सरकारले काम नगरोस् सदैव सांसदहरुले देशको स्वार्थ नहेरी बसुन् भन्ने चाहँदैनन् । जनताले नचाहँदा नचाहँदै पनि २०४८ सालको बहुमतीय सरकार प्रम गिरिजाप्रसादले नै ढाले । यसैपछि २०५२ मा माओवादी जन्मेर यत्रो दुःख भएको हो ।

भर्खरै पुष्पकमल दाहालले आलोपालो सरकार चलाउँछौं भनेबाट कुनै व्यक्ति वा समूहको पेवा जस्तो नेपाल सरकार हुन्छ भन्ने प्रस्टै देखियो । माओवादीलाई सत्ता नै चाहिने र एमालेले दुवै दल एकीकरण गर्छु नै भनेपछि एमालेले होस गरेर काम गरेन भने नेपाली जनताले दिएको सद्भाव पनि खेर जान बेर छैन । नेताहरुकै कठपुतली सरकारमा विदेशीहरु खेल्न पाउने नै भए । होस गरेरै काम गरौं अहिले यति मात्र भनौं ।

## अबको क्रान्ति : पर्यावरणीय (खण्ड २)

सुदर्शन प्रधान

# केही भौतिकवादी दृष्टिकोण (८)

मृत्युले कसैलाई अगिपछि भन्दैन तसर्थ यस पङ्क्तिकारले आफ्नो निधनपश्चात् शवलाई माथि बताइएअनुसार दाह गरियोस् भनी आफन्तजनहरूसँग आजै हार्दिक अनुरोध गरेको छ । पण्डित, पुरेतहरूलाई दिइने दानदक्षिणा पर्यावरणको संरक्षणमा खर्च गरियोस् अनि १०–१२ दिनसम्म काजक्रिया गर्ने फुर्सद भएमा त्यो समयलाई धरती र जनताको समस्या समाधानको मार्गबारे चिन्तनमनन गरी व्यवहारमा अगाडि बढ्न राष्ट्रिय/अन्तर राष्ट्रिय रूपमा प्रेरणास्पद व्यक्तिहरूको जीवनी अध्ययन गर्न निवेदन गर्दछ । संसारका पर्यावरणवादीहरूले यस प्रकारको घोषणा आजैदेखि सुरू गर्नु आवश्यक छ र अरू सबै धरतीप्रेमीहरूले पनि मृत्युपूर्व धरतीप्रतिको श्रद्धा र सम्मान व्यक्त गर्दै आवश्यक कुराहरू आजै बताउनु श्रेयस्कर हुनेछ ।

ख) लामो समय देवघाटमा रही यहीँ जीवनको अन्त भएका गलेश्वर बाबा, बाबा उद्दालक (उदिया बाबा) र अघोरी बाबाका विषयमा कतिपय भ्रमहरू छन् ।

'गलेश्वर बाबा नदीमाथि फटाफट हिँड्थे' भन्ने बुज्रुकहरू पनि छन् । वास्तवमा बाबालाई राम्ररी पौडन पनि आउँदैनथ्यो । एक पटक नदीमा डुङ्गा पल्टिँदा उहाँलाई माझीले निकाल्नुपरेको थियो ।

गलेश्वर बाबा सत्यवादी, विवेकी, स्पष्ट वक्ता, स्वच्छ आत्माका एक महान् साधु हुन् । निःस्वार्थ रूपले सामाजिक काम गर्ने उनी एक उच्च नैतिकताका स्रोत हुन् भने अत्याचारीहरूका अगाडि उनी आगो नै हुन् ।

काली गण्डकीको किनार रिढीमा लामो समय बिताएपछि देवघाटमा केही वर्ष गुजारेर यहीँ विलुप्त हुने बाबा उद्दालक पनि सम्झन योग्य साधु हुन् । धेरै नबोल्ने, शिष्यहरू नबनाउने, प्रचार नगर्ने, गाउँका जनतासँग मात्र भिक्षा माग्ने, दिनमा एक छाक मात्र खाने उनका विशेषता थिए । उनले यही सप्तगण्डकीमा जल समाधी लिएको विश्वास गरिन्छ । स्वेच्छाले नदीमा आफ्नो प्राण चढाउने क्रियालाई 'जलसमाधि' भनिन्छ ।

अघोरी बाबालाई पगलानन्द अघोरी पनि भनिन्छ । उनको एउटा हात थिएन, जुन हात उनले 'भगवान्लाई चढाएको' भनी अझैसम्म मानिसहरूमा भ्रम छ । तर वास्तविकता के हो भने उनी पश्चिम नेपाल बाँके–बर्दियातिरका एक जमिनदार थिए । त्यसै क्षेत्रका अरू जमिनदारहरूसँग उनको शत्रुता थियो । सबै जमिनदार आआफ्नो सुरक्षाका लागि सशस्त्र शक्ति राख्थे । एक पटक सशस्त्र भिडन्तमा अघोरीका आफ्नै भाइसमेत मारिए । बदलामा अघोरी पनि आफैं हतियार लिएर मैदानमा उत्रिए । भिडन्तमा दुवैतर्फ धेरै मारिए र अघोरीको दाहिले हात क्षतविक्षत भयो । त्यसपछि शल्यक्रिया गरी उनको हात काटियो ।

राजा महेन्द्रले भूमिसुधार ऐन ल्याएपछि अघोरीले इमानदारीपूर्वक आफ्नो हजारौं बिघाको मौजा तत्कालीन सरकारलाई सुम्पिए । आफ्नो कार्यक्रमलाई जमिनदारले यसरी बफादारीसाथ सहयोग गरेको घटना विरलै भएर होला, अघोरीसँग राजा महेन्द्रको निकटता भयो । उनी राजाको प्रियपात्र पनि बने ।

अघोरीको जीवनभर दरबारसँग गहिरो सम्बन्ध रह्यो । यिनीमार्फत आफ्नो स्वार्थ सिद्धि गर्न अञ्चलाधीश, कर्नेल, सिडिओ, इन्स्पेक्टरजस्ता उच्च अधिकृतहरूसमेत उनलाई 'जी, हजुरी' गर्न देवघाटस्थित कालीगण्डकीको आश्रममा पुग्थे । तीमध्ये कुनैकुनैलाई उनी सर्वतमा भाङ मिलाएर पिलाइदिन्थे । अनि बाटाभरि ती हाकिमहरू लडीबुडी खेल्दै 'जोगीले सिद्ध्यायो' भनी सराप्दै जान्थे । स्थानीय जगन्नाथ श्रेष्ठ यसै भन्छन् ।

देवघाटमा योगी नरहरिनाथ, डिल्लीराम बाबा, ज्ञानहरि, रामानन्द, मैयादेवी र परमानन्द सरस्वती यहाँका अरू चर्चित व्यक्तित्व हुन् । यहाँ योगी नरहरिनाथबारे केही चर्चा गर्न आवश्यक देखिन्छ ।

*(क्रमशः)*


# मैले देखेको छब्बीसौं विश्व सम्पदा :
# मस्कोको पानोरामा र कस्मोनट मेमोरियल म्युजियम

सुरेन्द्र ढकाल


बादल छिचोल्दै कस्मोनट टावर



बोरोडिनो पानोरामा म्युजियममा रहेको योद्धाहरूको स्मारक


कस्मोनट टावर म्युजियम अगाडि सुरेन्द्र ढकाल मित्र हिरामणिसँग


म्युजियमको भित्री भागको पेन्टिङ १


म्युजियमको भित्री भागको पेन्टिङ २


पानोरामा अवलोकन गर्दै पर्यटकहरू


पानोरामा म्युजियमको अग्र भाग

मस्को पुगेको तेस्रो दिन हामीले मस्कोमा रहेको वोरोदिनो पानोरामा म्युजियम र कस्मोनट मेमोरियल म्युजियम अवलोकन गर्ने निर्णय गरी हामी त्यतातिर लाग्यौं ।

**वोरोदिनो पानोरामा म्युजियम**

यो म्युजियम मस्कोमा रहेको दुई विश्वविख्यात युद्ध म्युजियममध्येको एक रहेछ । सन् १८१२ मा रसिया र फ्रान्सबीच भएको युद्धलाई पेन्टिङमा उतारी यस म्युजियममा सजाइएको छ । मस्को पुग्ने हरेक स्वदेशी विदेशीले यस म्युजियम हेर्ने अवसर गुमाउँदा रहेनछन् ।

वोरोदिनोमा भएको यस युद्धमा रूसी सेनाको नेतृत्व मार्सल मिखाइल कुतुचोभ र फ्रेन्च सैनिकको नेतृत्व नेपोलियनले आफैंले गरेका रहेछन् । यो युद्धमा कुन पक्षको हार भयो भन्ने कुरामा अहिले पनि इतिहासकारहरू बीचमा विवाद नै रहेछ । तर सत्य कुरा चाहिँ यस युद्धमा दुवै पक्षतर्फ ठूलो हताहति भई दुवैले हामीले युद्ध जित्यौं भन्ने अवस्था नरहेको रहेछ । यस म्युजियममा युद्ध झल्किने पेन्टिङको अतिरिक्त युद्धमा प्रयोग गरिएका हातहतियार र पोसाक पनि प्रदर्शनमा राखिएका छन् ।

यस म्युजियममा राखिएका युद्धको पेन्टिङहरू फ्रान्च रौवौटले रसियाका अन्तिम सम्राट निकोलोस दोस्रोको निर्देशनमा बनाएका रहेछन् । यी पेन्टिङहरूको विशेषता भनेको पेन्टिङमा झल्काइएका दृश्यभित्रका वस्तुहरू कुनचाहिँ पेन्टिङ र कुनचाहीँ साँच्चै वस्तुहरू हुन् छुट्ट्याउनका लागि निकै नियाल्नुपर्ने हुँदोरहेछ । उदाहरणस्वरूप युद्ध मैदानमा भएको एउटा टहरा पेन्टिङ गरिएको हो भने अर्कोचाहिँ साँच्चैको टहरा हो । त्यो साँच्चैको टहरामा युद्धताका सेनापति कुतुचोभले सैनिक जनरलहरूसँग मिटिङ गर्ने गरेको कारण त्यो छाप्रो वा टहरोको नाम नै कुतुचोभ हट भनेर नामाकरण गरिएको रहेछ ।

त्यसैगरी अर्को पेन्टिङमा झल्काइएको युद्ध मैदानको एउटा घाँसे ढिस्को चाहिँ पेन्टिङ गरिएको रहेछ भने अर्को ढिस्को भने साँच्चैको ढिस्को रहेछ । यस्तो अचम्मको जिवन्त पेन्टिङ गर्न जान्ने फ्रान्ज्ज रौवौट युद्धकलाकृतिको लागि विश्वविख्यात नै रहेछन् । अहिले वोरोदिनोको जुन स्थानमा यो म्युजियम रहेको छ त्यसलाई सेनापति कुतचोभकै नामबाट कुतुचोभस्की एभेन्यू भनेर राखिएको रहेछ । पेन्टिङ गरिएको युद्धको अवस्था बिहान १० बजेतिरको भएको, एकातिर सिंगै गाउँ बलिरहेको, अर्कोतिर क्याम्प छोड्दै भागिरहेका सैनिकहरूको अवस्था दर्शाइएको छ । भित्तामा पेन्टिङ यति राम्ररी गरिएको छ कि म्युजियम अवलोकन गर्न जानेहरूले त्यहाँ साँच्चै युद्ध नै भइरहेको भन्ठान्छन् ।

पेन्टिङको अतिरिक्त म्युजियमभित्रै युद्धका योद्धाहरूको स्मारक पनि रहेको छ । युद्धपश्चात् यही वोरोदिनोमा रसियन सैनिकको हेडक्वाटर पनि बनाइएको रहेछ जसलाई विश्वप्रख्यात रसियन लेखक लिओ टोल्सटायले आफ्नो अमर कृति वार एण्ड पिसमा पनि उल्लेख गरेका रहेछन् ।

**कस्मोनट मेमोरियल म्युजियम**

पानोरामा म्युजियम अवलोकन गरिसकेपछि हामी त्रिकोणाकारको धरहरा जस्तो देखिने कस्मोनट मेमोरियल म्युजियम अवलोकन गर्न गयौं । सोभियत संघले अन्तरिक्षमा सफलताका साथ कस्मोनोट यूरी गागरिनसहित यानको पठाएको इतिहास सधैं स्मरण होस् भनेर यो टावर निर्माण गरेको रहेछ । टावरको मुन्तिर पुगी आकाशतर्फ हेर्दा कतै क्युमुलसको टुप्पाले कतै वादललाई नै छेड्न लागेको त होइन भन्ने भान हुँदो रहेछ । यस म्युजियममा रूसले अन्तरिक्ष र त्यहाँ गरिएका अनुसन्धानसम्बन्धी ८५ हजार वस्तु तथा सामग्रीहरू प्रदर्शनमा राखेको रहेछ । रसियाको पर्यटन वोर्डका अनुसार हरेक वर्ष स्वदेश र विदेशका गरी ३ लाख पर्यटकहरूले यो म्युजियम अवलोकन गर्दा रहेछन् । यस म्युजियम टावर सन् १९६४ मा ठड्याइएको भए तापनि उद्घाटन भने अप्रिल १०, १९८१ म मात्रै भएको रहेछ । त्यो दिन भनेको प्रथम रूसी अन्तरिक्ष यात्री यूरी गागरिनले अन्तरिक्षबाट पृथ्वीको चक्कर लगाएको २० वर्ष पुगेको ऐतिहासिक अवसर रहेछ ।

## उपत्यकाको फोहोर फाल्न सम्झौता गरिने

काठमाडौं । काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन गर्न नेपाली कम्पनी नेपवेष्ट प्रा.लि. र भारतीय कम्पनी क्लिन भ्याली कम्पनीसँग लगानी सम्झौता गर्न लागिएको लगानी बोर्डले जनाएको छ । नुवाकोटको बन्चरेमा फोहोर व्यवस्थापन गरिने दुवै कम्पनीबीच सम्झौता भएको छ । तीन महिनाभित्र लगानीको कुरो टुंग्याउने लगानी बोर्डको जनाएको छ । कुल आठ अर्ब रुपैयाँ लागतको आयोजनाले दैनिक ६७५ मेट्रिक टन फोहोर व्यवस्थापन गर्नेछ । २२ वर्षसम्म विकासकर्ताले लिने आयोजना त्यसपछि नेपाल सरकारलाई हस्तान्तरण हुने जनाइएको छ ।

आयोजना अवधिभर करिब दुई लाख ५३ हजार मेट्रिक टन जैविक मल, एक लाख ८१ हजार मेट्रिक टन ल्याण्डफिल ग्यास ८१ हजार मेट्रिक टन प्लास्टिकबाट इन्धन र दुई मेगावाट विद्युत पनि उत्पादन गरिने लक्ष्य रहेको छ । आयोजनामा पाँच हजार कामदारले रोजगारी र तीन अर्ब रुपैयाँ नेपाल सरकारले रोयल्टी पाउने बताइएको छ ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
ISO 9001 JAS-ANZ
विश्वसनीय र भरपर्दो बैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

लोकतन्त्रको विकासका लागि शान्ति अनिवार्य शर्त हो । त्यसैले राष्ट्रिय शान्ति कायम गर्न सबैले यथोचित योगदान दिऔं ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

आधा आकाश

■ प्रकाश सिंह

# ४५ वर्षमा ११औं सन्तान

**समाजमा परिवार नियोजनका साधनबारे सामान्य जानकारीसमेत नभएर सुदूरपश्चिमको पहाडमा ४५ वर्षमा ११औँ सन्तान जन्माउने आमा पनि छन्**

बाजुरा । साप्पाटा- ६ की ४२ वर्षीया आवर्मा बुढाले १३औं सन्तान छोरा जन्माइन् । १५ वर्षमा बिहे गरेकी आवर्माले नौ बच्चा जीवितै जन्माइन् भने चारवटा मृत अवस्थामा जन्मिए । नौमध्ये सात छोरी र दुई छोरा छन् । पछिल्लोपटक उनलाई साप्पाटा स्वास्थ्यचौकीमा सुत्केरी गराउन नसकेपछि नजिकैको बाधु स्वास्थ्यचौकीमा पुऱ्याइयो । त्यहाँ पनि प्रसूति गराउन सकिएन । बुढाको स्वास्थ्य अवस्था गम्भीर भइसकेको थियो । त्यहाँबाट प्राथमिक स्वास्थ्य केन्द्र कोल्टी लगियो । स्वास्थ्यचौकीका डा. विकल लामिछानेको टिमले उनको प्रसूति गरायो ।

कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख डा. विकल भन्छन्, 'बेथा लागेको लामो समय भइसकेको रहेछ । उहाँको अवस्था निकै अप्ठ्यारो थियो, मसहित तीनजना स्वास्थ्यकर्मीको सहयोगमा बच्चा सकुशल जन्माउन सकियो ।' आवर्माले पछिल्लो बच्चा मात्र स्वास्थ्य केन्द्रमा जन्माएकी हुन् । अरू १२ सन्तान घरमै जन्मिएका थिए । परिवार नियोजनको चेतना नभएकी उनले ४२ वर्षको उमेरसम्म लगातार बच्चा जन्माउँदै आएकी छिन् ।

बाजुराका दुर्गम गाउँका धेरै महिला उमेर ढल्किसकेपछि पनि बच्चा जन्माउँछन् । गोत्री- ८ बस्ने छम्म लुवारले ४५ वर्षको उमेरमा बच्चा जन्माइन् । १४ वर्षको उमेरमा विवाह



गरेकी छम्मले ४५ वर्ष पुग्दासम्म ११ बच्चा जन्माइन् । यीमध्ये सातवटा जीवित छन् । परिवार नियोजनको साधनबारे कुनै जानकारी नभएका कारण आफूले बच्चा जन्माइरहेको छम्मले बताइन् ।

जगन्नाथ- ४ बस्ने कुशुकला सार्कीले पनि ४१ वर्षमा १० पटक बच्चा जन्माइन् । दशौँपटकमा उनले जुम्ल्याहा बच्चा जन्माइन् । बच्चा जन्माउँदै उनको स्वास्थ्य अवस्था निकै कमजोर भइसकेको छ । तर, उनले अहिलेसम्म बच्चा नजन्माउने कुनै उपाय नै अपनाएकी छैनन् । ३५ वर्षपछि उनको बच्चा पाउन सक्ने क्षमता कम हुँदै गएको छ । तैपनि उनले बच्चा पाउन छोडेकी छैनन् ।

गोत्री- १ बस्ने ४० वर्षीया जौमती विष्टले पनि भर्खरै बच्चा जन्माइन् । उनको यो आठौं सन्तान हो । यीमध्ये पाँच जीवित छन् । उनी आफूहरूलाई परिवार नियोजनको साधन प्रयोग गर्नुपर्छ भनेर थाहा नभएकाले बच्चा जन्माइरहेको गुनासो पोख्छिन् । उनका श्रीमान् लोक विष्टले पनि परिवार नियोजन र यसका साधनहरूबारे आफूलाई केही जानकारी नभएको बताए ।

२० देखि ३५ वर्षको उमेर बच्चा पाउने उमेर हो । जिल्ला स्वास्थ्य कार्यालयकी स्टाफ नर्स सुनिता केसी भन्छिन्, 'दुर्गम तथा पछाडि परेको गाउँहरूमा २० वर्ष पुग्दासम्म दुई-तीनवटा बच्चासमेत पाइसकेका हुन्छन् । ४५ वर्षको उमेर पुग्दासम्म पनि बच्चा पाइराख्ने गर्छन् ।' उमेर बूढो भइसकेपछि बच्चा पाउने समस्याले आमा र बच्चा दुवैको अवस्था जोखिम हुने गरेको उनको भनाइ छ । उमेर ढल्केपछि बच्चा पाउँदा अपाङ्ग, सुस्तमनस्थिति, कुपोषित बच्चा जन्मने, आमा र बच्चाको ज्यान जोखिममा पर्ने, आमालाई रक्तस्राव हुने समस्या आउने केसी बताउँछिन् ।

धेरै बच्चा जन्माउने, कम उमेरमा बच्चा जन्माउने र बुढेसकालमा बच्चा जन्माउने गर्नाले पनि महिलामा पाठेघर खस्ने समस्या रहेको डा. विकल लामिछानेले बताए । एकातिर धेरै बच्चा अर्कोतिर बच्चा र आमाको स्वास्थ्यसमेत कमजोर हुन्छ । सरकारले वर्षेनी परिवार नियोजनसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । तर, दुर्गम तथा पछाडि परेका समुदायमा भने परिवार नियोजनको साधन प्रयोग सम्बन्धमा चेतनाको कमी रहेको स्थानीय मन विकले वताए ।

चेतना अभावले धेरै बच्चा जन्माउने र परिवार नियोजनका साधन प्रयोग नगर्ने कारण बुढेसकालसम्म पनि बच्चा जन्माउने गर्छन् । कम उमेरमा बच्चा जन्माउने र उमेर ढल्कँदासम्म बच्चा पाउनाले कतिपय महिलाले अकालमै ज्यान गुमाउने गरेका छन् । अहिले पनि दुर्गम गाउँमा परिवार नियोजनसम्बन्धी चेतना नभएको महिला अधिकार मञ्च बाजुराकी अध्यक्ष रुखमणि शाहले बताइन् ।

*(सञ्चारिका फिचर सेवा)*

# बालमैत्री समृद्धिको अवसर

**गोकर्ण भण्डारी /भीमेश्वर**

बालमैत्री स्थानीय शासन समृद्धितर्फको यात्रा भएकाले यसको कार्यन्वयन हुनु पर्नेमा दोलखा भीमेश्वर नगरपालिकाका सरोकारवालाहरूले जोड दिएका छन् । भीमेश्वर नगरपालिकाका प्रमूख (मेयर) भरतबहादुर केसीले बालमैत्री स्थानीय शासनका लागि स्थानीय तहका सबै सरोकारवालाहरूको चाहनाबमोजिम कार्यन्वयनमा लैजाने बताए । 'यो भीमेश्वरको पहिचानको बिषय हो, त्यसकारण पुननिर्माणको अभियानसँगै बालमैत्री अभियान जारी रहने छ' उनले अगाडि थपे– 'भीमेश्वर नगरपालिकाकालाई बालमैत्री बनाउन नगर सभाले बजेट विनियोजन गरिसकेको छ । समग्र नगरपालिकाको यात्रा समृद्धितर्फको पाइला भएको हुँदा नागरिकको आवश्यकताअनुसार योजनामा समेट्दै लगिने छ ।'

बाल अधिकारका चार बाकसमा आधारित बाल बचाउ, बाल संरक्षण, बाल विकास, तथा बाल सहभागितामा नगरपालिकाले नीति र कार्यक्रम ल्याएको जानकारी दिँदै उपमेयर कमला बस्नेतले नगरले शिक्षा कार्यक्रमलाई महत्व दिएको बताइन् । उनी भन्दै थिइन् बालबालिकाका अधिकार ग्यारेन्टी नभएसम्म अन्य पक्षको उपलव्धी हात पार्न सकिन्न ।

भीमेश्वर नगरपालिकाका कार्यकारी अधिकृत (उपसचिव) भोजराज खतिवडाले स्थानीय तहलाई हिजोको जस्तो १५ प्रतिशत रकम विनियोजन गर्ने अनिवार्यता अब नरहेको टिप्पणी गर्दै स्थानीय तहको बजेटमा सामाजिक क्षेत्रमा पर्याप्त बजेट विनियोजन भएकोले स्वास्थ्य, शिक्षा तथा पूर्वाधारका सबै कार्यक्रम बालमैत्री अवधारणाबाट आउने धारणा राखेका थिए ।

बालमैत्री स्थानीय शासन बालअधिकारका आधारभूत बिषय सम्बोधन गर्ने माध्यम हो । नेपालको संविधान, २०७२को धारा ३९ले बाल अधिकारलाई बालबालिकाको मौलिक हकका रुपमा व्यबस्था गरेको हुँदा यसको कार्यन्वयन गर्ने जिम्मा स्थानीय तहको भएको टिप्पणी गर्दै दोलखा जिल्ला समन्वय समितिका स्थानीय विकास अधिकारी शंकर नेपालले संविधान कार्यन्वयन गर्ने दायित्व स्थानीय सरकारको भएको टिप्पणी गरे । उनले नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा व्यक्त गरेको दीगो विकास लक्ष्य हासिल गर्ने उद्देश्यले बालमैत्री स्थानीय शासना नेपाल सरकारले जोड दिईरहेको बताएका थिए ।

भीमेश्वर नगरपालिकाका बालमैत्री स्थानीय शासन सम्पर्क व्यक्ति ज्ञानुकुमार खड्काकाअनुसार नगरपालिकाकमा बिगतदेखि नै बालमैत्री स्थानीय शासन अवलम्बन गर्न सुरु भएको हुँदा ३९ वटा सूचकमध्ये १९ सूचक पुरा भएको छ । तर जिल्ला जनस्वास्थ्य शाखाका जनस्वास्थ्य अधिकृत कामेश्वरप्रसाद चौरासियाले बाल सहभागिताका लागि स्वास्थ्य व्यबस्थापन समितिमा बालबालिकाको सहभागिताका लागि कानुनी संरचना परिवर्तन गर्नु पर्ने बताए । बालमैत्री शासन अवलम्बन गरिरहेका स्थानीय तहमा स्वास्थ्य संस्था तथा विद्यालय व्यबस्थापन समितिमा बालबालिकाको सहभागिता अनिवार्य गरिएको हुन्छ ।

जिल्ला शिक्षा कार्यलयका प्रतिनिधि अर्जुन कार्कीले विद्यालयलाई बालमैत्री बनाउन बालमैत्री शिक्षण सिकाई, विद्यालयमा दण्डरहित शिक्षा, अनिवार्य भर्ना अभियान लगायतका क्रियाकलाप भईरहेको जानकारी दिएका थिए । भीमेश्वर नगरपालिका वडा नम्बर ३ का वडा अध्यक्ष हरीसरण सिवाकोटीले बालमैत्री शासनका लागि समुदायमा कार्यक्रम लगेर सफल पार्ने प्रतिबद्धता राखेका थिए भने वडा नम्बर ४ का वडा अध्यक्ष हरिबंश चौलागाई र नविन लामाले बालमैत्री स्थानीय शासन स्थानीय तहका नागरिक अनिवार्य भएको बताएका थिए । महिला तथा बालबालिका कार्यलयकी बाल संरक्षण अधिकृत सर्जा दहालले बाल संरक्षणमा बाल विवाह र बाल श्रमका लागि बिशेष कार्यक्रमको खाँचो भएको बताउँदै स्थानीय तहसँग हातेमालो गर्न बिषयगत कार्यलय तत्पर रहेको बताएकी थिइन् । भीमेश्वर नगरपालिका भूकम्प अति प्रभावित जिल्लामा अवस्थित रहेको हुँदा पुननिर्माणसँगै बालमैत्री अभियान सुरु भएको छ । यो अभियानले चाँडै परिणाम ल्याउने अपेक्षा गर्न सकिन्छ ।

*–साभार: मीरेष्ट लेखमाला*

बांगा कविता

# जनता जिल्ल छन



● प्रेम ओली (ढकलपुरे)

केपी भन्छन्
जनताले जिताछन्
प्रधानमन्त्री तु चाहिन्छ
देउपा भन्छन्
राष्ट्रियसभा नबनाएर कहाँ यो पाइन्छ ?
राष्ट्रपति भन्छिन्
लडी राख तिमीहरु यसरी नै
दुईचार महिना भने पनि कमसेकम
राष्ट्रपति त खाइन्छ ।
केपीले देउपालाई देखाउने
देउपाले निर्वाचनलाई देखाउने
निर्वाचनले राष्ट्रियसभा देखाउने
उसले उसलाई देखाएर यिनले
नयाँ गाई जात्रा थाल्याछन्
कुन मुख देखाएर यिनले यसरी
जनतालाई थाङ्नामा हाल्याछन् ।

अझ प्रदेशको राजधानी तोक्ने बेला
कति जनताको बली माग्न्या हुन्
यो जुँगाको लडाइँ गरेर
हैन यी बूढाहरु कहिले थाक्न्या हुन्
के यो झगडा मिलाउन पनि यिनले
छिमेकीलाई डाक्न्या हुन्
शान्ति समृद्धि ल्याउलान् भनेको
यस्तै हो भने यिनले
देशलाई कुन भंगालोमा लगी जाक्न्या
हुन्
खाली झगडा मात्र गऱ्याछन्
मानौं ट्वाट खाएर यी टिल्ल छन्
यिनको तमासा हेरेर
बिचरा जनता जनार्दन जिल्ल छन्
यिनको झगडा देखेर
छिमेकीले पनि फोन ठोक्न थाले
थाहा छैन यिनलाई लडाउन
कसले काँधमा बोक्न थाले
हे भगवान
यिनको टाउकोमा गिदी त हालिदियौ
अब थोरै बुद्धि पनि हालिदेऊ
गोबर गणेश रहेछन् भने पनि एक
पटक
यिनका खोपडीमा झिलिक्क बत्ती
बालिदेऊ ।

# उच्च रक्तचाप

उच्च रक्तचाप उपत्यका र पहाडका बासिन्दामा भन्दा तराईका बासिन्दामा कम देखिएको तथ्यांकले जनाएको छ । अस्वस्थकर खानपान, अव्यवस्थित जीवनशैली र वंशाणुगतजस्ता कारणले उच्च रक्तचापमा वृद्धि भइरहेको छ । जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६ ले पहिलोपटक देशव्यापी रुपमा रक्तचाप आँकडा संकलन गरेको थियो ।

भूगोलका आधारमा उच्च रक्तचापका बिरामीमा देखिएको भिन्नतालाई चिकित्सकले रोचक भनेका छन् । सर्वेक्षणअनुसार राष्ट्रिय औसतमा १५ वर्ष उमेर समूहमाथिका २३ प्रतिशत र १७ प्रतिशत महिलामा उच्च रक्तचाप हुँदा प्रदेश २ मा १८ प्रतिशत पुरुष र १३ प्रतिशत महिलामा मात्रै यो समस्या छ । तर बढी पहाडी जिल्ला रहेका प्रदेश ४ मा ३१ प्रतिशत र प्रदेश ३ मा २९ प्रतिशत पुरुषमा उच्च रक्तचाप छ । चिकित्सकका अनुसार विश्वव्यापी रुपमै रक्तचापको समस्या पुरुषको तुलनामा महिलामा कम हुन्छ ।

महिलामा पनि ४ नम्बर प्रदेशका २४ प्रतिशत र प्रदेश ३ का १९ प्रतिशतमा उच्च रक्तचाप छ । प्रदेश ३ र ४ मा नेपालका २४ वटा हिमाली र पहाडी जिल्ला पर्छन् । प्रदेश २ मा पर्सादेखि सप्तरीसम्म तराईका ८ जिल्ला पर्छन् । सरकारी तथ्यांक हेर्दा पहाडी र हिमाली क्षेत्रमै पनि बढी ग्रामीण क्षेत्र र यातायातका साधन कम चल्ने ठाउँमा ३ र ४ नम्बर प्रदेशका बासिन्दाको तुलनामा रक्तचापको समस्या कम देखिएको छ ।

चिकित्सकका अनुसार मुटु तथा रक्तनलीसम्बन्धी रोगको प्रमुख जोखिमका रूपमा मधुमेह, धूमपान, उच्च रक्तचाप, मदिरा सेवन, रगतमा बोसोको मात्रा (उच्च कोलेस्टेरोल) र मोटोपनलाई लिइन्छ । यस्ता जोखिमले मिर्गौला फेल, मस्तिष्कघात, प्यारालाइसिस र क्यान्सरसमेत हुनसक्छ । मधुमेह, रक्तचाप, कोलेस्टेरोल र मोटोपनमध्ये एक जोखिम हुँदा ढिलोचाँडो अन्य समस्या बढ्ने सम्भावना अधिक हुन्छ । यसअघि स्वास्थ्य अनुसन्धान परिषद्ले गरेको रिक्स फ्याक्टर सर्वेक्षण, सन् २०१३ ले पनि खतरनाक रोगको जोखिम बढिरहेको देखाएको थियो ।

चिकित्सकका अनुसार खाना, व्यायाम, सकारात्मक सोच एवं मनोरञ्जनले जीवनशैलीले रक्तचापको जोखिम घटाउँछ । नुन कम खाने, मोटोपन घटाउने, रक्सीचुरोट नखाने, तनाव नलिने गर्दा रक्तचाप नियन्त्रणमा आउन सक्छ । धेरै मानिसमा रक्तचापको औषधि सेवन गर्न नखोज्ने र एक पटक औषधि लिन सुरु गरेपछि छोड्न मिल्दैन भन्ने भ्रमसमेत रहेको उनले बताए ।

# पूर्वाधार विकास बैंक खोल्न चिनिया चासो

काठमाडौं । नेपालमा पूर्वाधार विकास बैंक खोल्न चीनले प्रस्ताव गरेको छ । नेपाल राष्ट्र बैंकले १२ वटा बुँदामा आफ्नो राय दिएपछि चीनले एक खर्ब रुपैयाँको पूर्वाधार विकास बैंक खोल्ने प्रस्ताव गरेको हो ।

चीनले एक खर्बको बैंकमा २० अर्ब रुपैयाँ बराबरको सेयर नेपाल सरकारलाई निशुल्क दिने प्रस्ताव गरेको छ । नेपालमा पूर्वाधार विकास बैंक खोल्नका लागि कम्तिमा २० अर्ब रुपैयाँ चुक्ता पूँजी चाहिन्छ । चीनले राष्ट्र बैंकले तोकेभन्दा पाँच गुणा बढी पूँजीसहित नेपाल आउन खोजेको हो । यसो हुँदा नेपाल सरकारलाई छुट्टयाइने २० प्रतिशत शेयर भएको अवस्थामा विदेशी लगानीकर्ताको अधिकतम ६५ प्रतिशत मात्र शेयर स्वामित्व कायम हुन सक्ने देखिएकाले यसै अनुसार प्रस्ताव संशोधन गर्न सुझाव दिएको छ । ६५ प्रतिशतभित्र कर्मचारीलाई छुट्टयाइने ०.२ प्रतिशतलाई समावेश गर्नुपर्ने राय राष्ट्र बैंकको दिएको छ ।

कथा

# कुचकुचिया

आलोक

बार्दलीमा बसेर आकाशतिर देखाउँदै ज्योत्स्ना चौधरीकी हजुरआमाले भनिन्- 'ज्योति तैंले कुचकुचिया देखेकी छेस् ।''कुचकुचिया ?' के हो बज्यै त्यो भनेको ?

'आकाशमा हेर त । लाखौं ताराहरूसँग कुचकुचिया देखिन्छ ।' बज्यैले नातिनीको कपाल मुसार्दै भनिन् ।

'बज्यैले कति कुरा जान्नुभएको छ । क ख पनि चिन्नुभएको छैन तर सयौं बोटबिरुवा, पशुपक्षी, धानका जातहरू, अनेकथरी कीरा फट्यांग्राका नामहरू कण्ठस्थ छ । कसरी थाहा हुन्छ यी सबै कुरा ?' ज्योत्स्नाले सोधिन् ।

साठी वर्षकी भएँ । तेरो बाजेसँग बिहे गर्दा सात वर्षकी थिएँ । आँगन र बगैंचामा खेल्दा कति धेरै झगडा पर्थ्यो । उनी मलाई मिश्री खान दिएर फकाउँथे । मलाई मिश्री साह्रै मीठो लाग्थ्यो । एकदिन खेतबाट फर्किंदा उनले मलाई खुला आकाशतिर देखाउँदै भनेका थिए- 'बुधुनी, तैंले कुचकुचिया देखेकी छेस् ।'

'अहँ छैन... । के हो त्यो भनेको ? मैले भनें ।

'आँखा चिम्म गरिस् भने म बताउँछु ।' उनले भने ।

'मैले आँखा चिम्म गरें । पछाडिबाट उनले मेरा आँखाहरू छोपिदिँदै गालामा म्वाई खाए । त्यो दिन सम्झिँदा मलाई कुचकुचियाको याद आउँछ र कुचकुचिया देखेपछि त्यो दिनको घटना सम्झिन्छु । ज्योति, तेरो बाजे देवताजस्ता थिए । कहिले पनि कसैलाई दुःख दिएनन् । जमिनदार भए पनि कहिले कसैलाई चित्त दुखाएनन् । घरमा पालेको हात्ती मर्दा उनी निक्कै रोएका थिए । म पनि उनीसँगै रोएकी थिएँ । हात्ती मरेको दिन उनले केही खाएनन् । सन्तानलाई जस्तै माया गर्थे उनी । तेरो बाजेले जीवनमा मलाई कहिले गालीसम्म गरेनन् । नोकरचाकरहरू भन्थे- 'यस्तो जोडी त भाग्यमानीहरूको मात्रै हुन्छ मालिक्नी ।'

बुधुनीका आँखा रसाए । उनले पतिलाई सम्झिँदा एकएक गर्दै पुराना दिनहरू सम्झिइन् । घरमा आठ-दशजना नोकरचाकर थिए । साँझ-बिहान चौंतीस पैंतीस जनाका लागि खाना पाक्थ्यो । टाढाटाढाका मानिसहरू पनि कृष्णबहादुर जिम्दारलाई भेट्न आइरहन्थे । ठूलो आँगन र घरवरपर बयलगाडाहरू, ट्र्याक्टरहरू र खुला जीप सधैं देखिन्थ्यो । वर्षाऋतुमा कृष्णबहादुर र बुधुनी हात्ती चढेर खेतमा जान्थे । रझेना गाउँमा मात्र होइन, पचासौं किलोमिटर टाढाटाढासम्म कृष्णबहादुरलाई नचिन्ने कमै थिए ।

ज्योतिले सोधी- 'बज्यै, तपाईंलाई बाजेको माया लाग्छ ?' 'किन नलाग्नु नि, उनी भगवान् थिए भगवान् । त्यस्तो लोग्ने कसैले पाउँदैन ...।' बुधुनी बोलिन् ।

भुरी गाउँबाट रझेनामा बिहे गरेर जाँदा बुधुनी खुबै रोएकी थिइन् । सानो काम बिगार्दा फूपू सासूले उनलाई 'छच्छाइल' भनेर हप्काएकी थिइन् । वास्तवमा नै उनी पुलपुलिएकी छोरी थिइन् । सम्पन्न माइतीमा सात वर्षकी बालिकाले के नै पो गर्नुपर्छ र ?

बिहान ६-सात बजे उठेरमुख धुन्थिन् । चिया खान्थिन् । साथीहरूसँग खेल्थिन् र यस्तैमा दिन बित्थ्यो । बुधुनीकी साथी थिइन् ठेम्ना । राम्ररी नबढेकी पुड्की भएकीले आमाबाबुले उसलाई ठेम्ना भन्थे ।

बिहे भएर बुधुनी भुरीगाउँबाट दाङ जान लाग्दा साह्रै रोएकी थिइन् ठेम्ना । ठेम्ना र अरु साथीहरू रोएको देखेर निसासिँदै रोएकी थिइन् बुधुनी ।

पुराना तस्बिरहरू ओल्टाइपल्टाइ हेरेझैं अतीततर्फ फर्किंदै बुधुनी बोलिन्- 'ज्योति, ढुर्रा-लौसर्ना' गर्दा म निकै लजाएकी थिएँ । म अब तरुनी भइछु भन्ठानेर ऐना हेरेकी थिएँ । बिहान नुहाएर कोरिबाटी गरेपछि मलाई एक किसिमको लाजले छोपेको थियो ।'

'बज्यै, म तपाईंको कुरै बुझ्दिनँ । फेरि के हो यो दुर्रा लौसर्ना भनेको नि ।' ज्योति वास्तवमा अनभिज्ञ थिई थारु संस्कृतिप्रति ।

ज्योतिका बुबा प्रकाशले छोरीलाई काठमाडौंको अंग्रेजी बोर्डिङ स्कुलमा राखेर पढाए । छात्रावासमै बसेर उसले बीएस्सी उत्तीर्ण गरी । प्रकृति, भौतिक जगत, पञ्चतत्व, देवीदेवता, गुर्बा र पुरातन संस्कृतिप्रति समर्पित थारुजाति संस्कृतिमा कति धनी छ भन्ने कुरा ज्योत्स्नाले राम्ररी देख्नसमेत पाएकी थिइन । त्यसैले बज्यैका हरेक शब्दहरू उसलाई नयाँ लाग्थ्यो ।

भन्नुहोस् न बज्यै, दुर्रा-लौसर्ना भनेको के हो ?

'धत् लाटी, ल सुन ।' बज्यैले बेलिविस्तार लगाइन्- 'बिहे गरेका थारु महिलाले सन्तान जन्माउने शक्ति जोगाउन र सन्तान निरोगी हुन् भनेर कात्तिक पूर्णिमा र जेठ पूर्णिमामा सप्त मातृका देवीको पूजा गर्छन् । हो, त्यसैलाई ढुर्रा लौसर्ना भन्छन् ।'

'मैले पनि गर्नुपर्छ त्यस्तो पूजा ?' ज्योत्स्नाले हाँसेर सोधी । किन पर्दैन त । तँ थारुकी छोरी होइनस् र ?' बज्यैले ज्योत्स्नाको नाकको टुप्पो समाउँदै माया गरेर भनिन् । 'अघि तपाईंले भन्नुभएको कुचकुचिया भनेको तारा हो ?' ज्योत्स्नाले कुचकुचियाको अर्थ छर्लंग नबुझेर सोधी । बुधुनी पुनः भावुक भइन् । नातिनीसँग जुनेली रातमा रमाइलो कुराकानी गर्दा कहिले उनी विगत सम्झिन्थिन् त कहिले नातिनीको बिहेको तयारीको कुरा गर्थिन् ।

नातिनीले पटक पटक कुचकुचिया शब्दको अर्थ सोधिरहँदा उसले बाजेको बारेमा सोधेझैं लाग्थ्यो बुधुनीलाई ।

'ज्योति, ऊ आकाशमा राम्ररी हेर त । लाम लागेर बसेका ताराहरू देखिस् ? हो, त्यही हो कुचकुचिया... ।'

ज्योतिले केहीबेर नियालेर हेरी । बज्यैलाई हेरी । कुचकुचिया देख्दा बज्यैको मुहार देदीप्यमान देखिन्थ्यो । उनी दिवंगत पतिको सम्झनामा भावुक भए पनि कुचकुचिया हेर्दा आफ्नै पतिको अनुहार देखेझैं खुसी हुन्थिन् ।

'के छ यो आकाशगंगामा ? बज्यै किन यति माया गर्छिन् आकाशगंगालाई ? किन उनी पुराना कुराहरू सम्झेर कोट्याइरहन चाहन्छिन् ? पतिसँग बिताएका रमाइला दिनहरूले किन उनलाई तृप्ति मिलेझैं लाग्छ ? के मेरी बज्यैले बाजेको अनुहार र उनीसँग बिताएका क्षणहरू सम्झेर आफूलाई धन्य सम्झेझैं म पनि मेरो पतिसँग खुसी बाँड्न सक्छु होला त ? ज्योत्स्नाको मनमा समुद्रको ज्वारभाटाझैं अनेकौं प्रश्नहरू खेल्न थाले ।

आकाशगंगाले बाल्यकाल सम्झाउँथ्यो बुधुनीलाई ।

झन्डै पचास वर्षसम्म कृष्णबहादुर चौधरीसँग बिताएका एक एक दिनहरू पुस्तकझैं पल्टाउँथिन् उनी । स्मृतिमा रहेका हजारौं सम्झनाहरूले पुलकित बनाउँथे उनलाई । लुकामारी अर्थात् 'नुकिक्साँढा' खेल्दा कृष्णबहादुरले च्याप्प समातेर परालमा लडीबुडी गरेका दिनहरू सम्झेर आज पनि लजाउँछिन् बुधुनी । नैनसुतको धोतीसाडी लगाएर सवारीगाडामा घोराही बजार गएको, बजारमा पुरी जलेबी खाएको र कृष्णबहादुरले माया गरेर अमलाको तेल किनिदिएको उनलाई झल्झली सम्झना आउँछ । घरको भान्सामा बुधुनी पिर्कामा बस्न लाग्दा पछाडिबाट पिर्का तानिदिएर कहिलेकाहीं लडाइदिन्थे कृष्णबहादुरले । त्यसपछि दुवैजना खित्का छोडेर हाँस्थे ।

बुधुनीले लोग्नेको प्रशंसा गर्दै भनिन्- 'तँ सानै थिइस् ज्योति । तेरो बाजे प्यांगुल (पक्षघात) भएर सुतिरहँदा पनि मैले छोएपछि खुसी हुन्थे । मलाई नदेख्दा उनलाई छटपटी भइरहन्थ्यो । तँ सायद पत्याउँदिनस् । उनी त्यहीं गएर बसेका छन् । कुचकुचियाको देशमा । त्यसैले म कुचकुचिया हेरिरहन्छु । मलाई यस्तो लाग्छ, उनले मलाई त्यहाँबाट हेरिरहेका छन् ।

# किन उठाए ट्रम्पले जेरुसेलमको विवाद ?

**सुधा कार्ले**






मध्यपूर्वको समस्या समाधानार्थ नयाँ दृष्टिकोण आवश्यक भएको हवाला दिँदै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले एकाएक अमेरिकाले जेरुसेलमलाई इजरायलको राजधानीको रुपमा मान्यता दिनेछ भनी घोषणा गरेका छन् । त्यसबाट झनै अघि बढेर ग्वाटेमालाले तेलअभिभमा भएको आफ्नो दुतावास जेरुसेलममा सार्ने बताउनुले मध्यपूर्व र मुस्लिम राष्ट्रहरुलाई मात्रै नभएर सिंगै विश्व राजनीतिलाई यतिखेर तरंगित बनाएको छ । आफ्नो घोषणाको बचाव गर्दै राष्ट्रपति ट्रम्पले आफू अगाडिका अमेरिकी राष्ट्रपतिहरुले जेरुसेलमलाई इजरायलको राजधानी बनाउने फगत वचन मात्रै दिएका तर आफूले भने त्यसलाई कार्यरुपमा नै परिणत गरेर देखाउने समय आएको बताएका छन् । ट्रम्पको यस भनाइको साथै अब मध्यपूर्वको समस्या समाधानार्थ अमेरिकाको तटस्थ भूमिका नरहने स्पष्टै देखिएको छ । हुन त ट्रम्पले अब इजरायलको तेलअभिभमा रहेको अमेरिकी राजदुतावास तुरुन्तै जेरुसेलम सार्ने भनिय तापनि ३ वर्षभित्र पनि सो कार्य सम्पन्न हुन नसक्ने अमेरिकी अधिकारीहरु बताउँछन् ।

अमेरिकी राष्ट्रपतिको चुनावमा उम्मेदवारी दिएदेखिकै विश्वले सिल्लड मानेको ट्रम्पलाई अमेरिकी मतदाताहरुले जिताएकोमा सम्पूर्ण विश्व नै चकित भएको थियो । झन् चुनाव जितेपछि एकपछि अर्को गर्दै यिनले नयाँ नयाँ विवादास्पद निर्णय गर्दै आइरहेको परिप्रेक्ष्यमा उनीद्वारा नेतृत्व गरेको अमेरिकाको अन्तर्राष्ट्रिय हैसियत के हुने, कतै अमेरिका विश्व राजनीतिमा एक्लिने त होइन भन्ने प्रश्न पनि उठिरहेको छ । ट्रम्पको यो उद्घोषको अमेरिकाकै युरोपियन मित्र देश जर्मनी, बेलायत र फ्रान्सले विरोध गरिसकेको छ भने मुस्लिम देशहरु जस्तो टर्की र जोर्डनले त संसारभर अब अमेरिकीहरुको सुरक्षामा नै चुनौती भएको बताइसकेका छन् ।

संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदले यसलाई आफ्नो एजेण्डामा राखेर छलफल गरिसकेको अवस्था छ । व्यक्तिगत रुपमा नै भन्ने हो भने पनि बेलायती प्रधानमन्त्री टेरेसा मे, फ्रेन्च राष्ट्रपति इममानुयल माक्रोन र जर्मन चान्सलर एन्जेला मेर्केलले ट्रम्पको उद्घोषले मध्यपूर्व समस्या सुल्झिने भन्दा पनि झन् जटिल हुने बताएका छन् । उनीहरु जेरुसेलमको समस्या मध्यपूर्वको स्थायी शान्तिसँग जोडेर निर्णय लिनुपर्ने बताउँछन् ।

समस्त विश्वले ट्रम्पको उद्घोषको विरोध गरिरहँदा इजरायली प्रधानमन्त्री बेन्जामिन न्यातन्याहुले भने सही कदम भन्दै स्वागत गरेपछि त्यस्को प्रतिउत्तरमा प्यालेस्टिनी राष्ट्रपति महमद अब्बासले अब अमेरिकाले मध्यपूर्वको शान्ति प्रकृयालाई ध्वस्त बनाउन खोजेको भन्दै उसले समस्या समाधानार्थ कुनै मध्यस्थता गर्ला भन्ने कुरा विश्वास गर्न नसकिने स्थितिको सिर्जना भएको बताएका छन् । त्यसै गरी ट्रम्पको उद्घोषलाई साउदी अरेबियाले अन्याय र गैरजिम्मेवारपूर्ण बताएको छ । जब ट्रम्पको उद्घोषलाई अरबी भाषामा उल्था गरी टेलिभिजनमार्फत सुनाइयो तब जेरुसेलमको मुटुमा रहेको प्यालेस्टिनी शरणार्थी शिविरमा रहेका प्यालेस्टिनीहरु क्रोधित हुँदै ट्रम्पले छिट्टै यथोचित दण्ड पाउने उद्घोष गरेका छन् । अब अमेरिकाविरुद्ध सिंगै अरब एक हुने उनीहरुको दाबी छ । अरबी भाषामा अनुवादित ट्रम्पको घोषणामा जेरुसेलम आधुनिक इजरायली राष्ट्रको वास्तविक राजधानी भएको, राष्ट्रपति र प्रधानमन्त्रीको निवास, इजरायली संसद नेसेट, इजरायली सर्वोच्च अदालतलगायत महत्वपूर्ण मन्त्रालयहरु समेत जेरुसेलममा रहेको कारण जेरुसेलमलाई इजरायली राजधानी नमानी नहुने जिकिर गरिएको छ । यदि यस्तो वास्तविकतालाई प्यालेस्टिनीहरु मान्दैनन भने शान्तिवार्ता अघि बढ्न नसक्ने चेतावनी पनि ट्रम्पले आफ्नो उद्घोषमा दिएका छन् । अमेरिकी संसदमा विपक्षमा रहेका डेमोक्र्याटहरुले पनि ट्रम्पको घोषणालाई दुर्भाग्यपूर्ण बताएका छन् । डेमोक्राट सांसद पेटर बेल्खले ट्रम्पको घोषणाले मध्यपूर्व शान्ति प्रक्रियालाई नै खलबल्याएको बताएका छन् । यस्तो उत्तेजनात्मक भाषणले मध्यपूर्वको सुधारोन्मुख अवस्थालाई प्रारम्भबाट नै बिगार्न खोजेको उनको भनाइ रहेको छ ।

### आखिर किन गरे त यस्तो उद्घोष ट्रम्पले ?

सामान्यतया अमेरिका यस्तो देश हो जो साँचो अर्थमा विश्वमा शान्ति होस् भन्ने चाहँदैन । व्यक्तिगत रुपमा ट्रम्पले जे उद्घोष गरे पनि यो उनको व्यक्तिगत लहडबाजी अवश्यै होइन । विश्वमा सर्वत्र शान्ति हुने हो भने अमेरिकी हतियार कसैले पनि किन्दैन । अति महँगा उच्च प्रविधियुक्त सामरिक हतियार तथा हवाईजहाज बिक्री गर्न नपाउने हो भने अमेरिकी व्यापारघाटा चुलिन्छ जुन अमेरिकी अर्थव्यवस्था र डलरको विश्वव्यापी ग्राह्यताको लागि शुभ संकेत होइन । सन् २०१६ मा मात्रै अमेरिकी व्यापारघाटा ५०२ अरब डलर पुगेको छ । यसअघिको ब्यापारघाटा ४७८ अरब डलर थियो । यस्तो घाटा पूर्ति गर्न निर्यात प्रवर्द्धन नगरी सुखै छैन अनि अमेरिकाले निर्यात गर्ने भनेको हतियार र बोइङ हवाईजहाजबाहेक अरु केही पनि छैन । विश्वभरि युद्धको त्रास देखाई आफ्नो हतियार बिक्री गर्नु अमेरिकी ब्यापार रणनीति हो र यही ब्यापार रणनीतिलाई यथार्थमा उतार्ने अभिप्रायले उनले यस्तो उद्घोष गरेका हुन् । केही महिनाअघि गल्फका सबैजसो देश विशेष गरी साउदी अरेवियाले कतारमाथि आर्थिक नाकाबन्दी लगायो । नाकाबन्दी लगाउनुको कारण कतार सरकारको अन्तर्राष्ट्रिय मुस्लिम आतंककारी संस्था आइएससँग हिमचिम भएको जनाइयो । स्थिति यसरी वर्णन गरियो कि हो न हो सबै गल्फका देशहरुले कतारमाथि तुरुन्तै हमला गर्छन् भनेर । हमलाबाट त्रसित कतारले आफ्नो सुरक्षाको खातिर अरबौं डलरको हतियार अमेरिकासँग किनेपछि मात्रै स्थिति केही हदसम्म सल्टियो । अहिले ट्रम्पले गर्न खोजेको त्यही हो । जेरुसेलमको मुद्दा उठाएर मध्यपूर्वमा फेरि युद्धको अवस्था सिर्जना गर्ने अनि आफ्नो हतियार दुवै पक्षलाई बेची ब्यापारघाटाको समस्या समाधान गर्ने । उत्तरकोरियाले गरेको परीक्षणलाई अन्तर्राष्ट्रियकरण गरेकै कारण अमेरिकाले दक्षिणकोरियालाई अन्तर्महादेशीय मिसाइल प्रतिरोध गर्ने क्षेप्यास्त्र बेच्न सफल मात्रै भएन प्रशान्त महासागरमा आफ्नो सैनिक उपस्थितिलाई मजबुत गराउन सफल समेत भयो । तसर्थ जेरुसेलम इजरायलको राजधानी बनाउने उद्घोष पनि इजरायल र अरबी देशहरुमा युद्धको त्रास सिर्जना गरी आफ्नो हतियार बेची अमेरिकी ब्यापारघाटा कम गर्ने रणनीति मात्रै हो भनेर बुझ्दा हुन्छ ।

*एजेन्सीहरुबाट*

## रोचक संसार

### डेढ करोडको ट्वाइलेट



हिन्दी फिल्ममा एउटा गीतको लाइन छ, 'गन्दा है, पर धन्दा है ।' साँच्ची त्यो गन्हाउने धन्दामा कति फाइदा रहेछ भन्ने कुरा चाहिँ एउटा ट्वाइलेटको टेन्डरले खुलासा गरेको छ ।

भारतको मुम्बइस्थित छत्रपति शिवाजी महाराज टर्मिनल परिसरमा रहेको शौचालय सञ्चालनका लागि ८५ लाख भारुको टेन्डर परेको छ ।

सामान्यतया भारतमा एउटा रेल स्टेशनमा रहेका ट्वाइलेट सफा गर्नका लागि सफाइ कम्पनीहरुले अधिकतम ६-८ लाख भारुमा ठेक्का लिन्छन् । तर मुम्बइको उक्त रेल स्टेशनको ट्वाइलेट भने उल्टै ८५ लाख भारुमा ठेक्का लिइएको छ ।

वास्तवमा उक्त ट्वाइलेटलाई पहिलोपटक रिनोभेट, अपरेट, मेन्टेन एण्ड ट्रान्सफर अर्थात् आरओएमटी योजनाको रुपमा ठेक्कामा दिन लागिएको छ । यसो गर्दा ठेकेदारहरु शौचालयको सफाइमा बढि गम्भीर हुने ठम्याई सरकारी निकायको छ ।


अहिलेसम्म यो ट्वाइलेटमा ३ महिनामा ८ लाखका दरले ठेक्कामा दिने गरिएको छ । फेब्रुअरीदेखि चाहिँ यसलाई ८५ लाखमा १० वर्षे ठेक्का दिइनेछ ।

साँच्ची रेल स्टेशनको गन्धको व्यापार अचाक्ली नै छ । मुम्बइको उक्त रेल स्टेशनमा दिनहुँ साढे २ लाख मानिस आवतजावत गर्छन् । प्रतिदिन ६५ देखि ७० हजार सम्मले ट्वाइलेट प्रयोग गर्दछन् । पिसावका लागि १ भारु, दिसाका लागि ५ भारु तथा नुहाउन १५ भारु लिंदा १० वर्षमा ठेकेदार कम्पनीले कति कमाउला ? आफै हिसाब गर्नुस् ।

### विचित्रको गाउँ

ज्यूँदोको जन्ती, मर्दाको मलामी भन्ने उखानै छ । यसको अर्थ ज्यूँदो मान्छेको मात्र बिहे हुन्छ । तर भारतमा भने एउटा यस्तो गाउँ छ जहाँ मरेका बच्चाहरुको बिहे गराइन्छ ।

भारतको उत्तर प्रदेशस्थित सहारनपुर सहर नजिकै रहेको नटों गाउँमा यस्तो परम्परा रहेको छ । डोरीमा हिंड्ने कला देखाउने उक्त गाउँका आदिवासीहरुमा



अनौठो प्राचीन संस्कार अद्यापि कायम छ । उक्त परम्परा अनुसार गाउँलेहरुले आफ्नो परिवारका मृत बच्चाको विवाह गरिदिन्छन् । जिवित सन्तानकै जस्तो गरी भव्य समारोहको आयोजना गरी मृतकको बिहे गराइन्छ । यसरी बिहे गराइदिनाले मृतक बच्चाको आत्माले शान्ति पाउने र मोक्ष प्राप्त गर्ने विश्वास गरिन्छ

मृतक बालकाका बुवाआमा र मृतक बालिकाका बुवाआमाहरुले एक आपसमा आफ्ना मृतक सन्तानको बिहे गराउने निर्णय गर्दछन् । त्यसपछि मृतक बच्चा तथा बच्ची दुबैको प्रतीकका रुपमा गुडिया तयार पारिन्छ र धूमधामसँग रितिस्थिति अनुसार विवाह गराइन्छ । विवाहमा पूरै समाज जम्मा हुन्छ, नाचगान हुन्छ । साथै प्रीतिभोज पनि हुन्छ ।

### विश्वकै लामो बेहुली पहिरन



यो बेहुली पहिरन लगाउनु कुनै पनि दुलहीका लागि सायद सबैभन्दा असजिलो तथा अनौठो काम हुनेछ । किनकि यो विश्वकै सबैभन्दा लामो पहिरनको रुपमा गिनिज बुकमा दर्ज भएको छ ।

फ्रान्सको ऋबगमचथ सहरमा यस पहिरनको डिजाइन गरिएको हो । यो साँच्चीकै अद्भूत छ ।

यो बेहुली पहिरन २६ हजार ५५९ दशमलव ७१ फिट लामो छ । ८ हजार ९५ मिटर लामो यो पहिरन सगरमाथाको उचाईभन्दा केहीमात्र छोटो छ । स्मरण रहोस् यसअघि विश्वको सबैभन्दा लामो पहिरन जम्म १२०३ दशमबल ९ मिटरको थियो ।

दुनियाँको लामो पहिरन उत्पादन गर्ने फ्रान्सको ऋबगमचथ सहर फित्ता उत्पादनका लागि चर्चित ठाउँ हो । त्यसैले सहरमा यस्ता लामा पहिरन उत्पादन हुनु सामान्य हो ।

यो कीर्तिमानी पहिरनको लम्बाई नाप्नका लागि केबिनेट कारोन ब्रिफर्ट कम्पनीका पेशेवर सर्भेक्षक क्रिस्टोफ डुमान्ट र गिनिज वर्ल्ड रेकड्सका अधिकारी रब मोलोय त्यहाँ पुगेका थिए । सायद यो सगरमाथा जति लामो ड्रेस कुनै बेहुलीले लगाउने हिम्मत गर्ने छैनन् । त्यसैले यसलाई अब सुहाउँदो टुक्रामा काटिनेछ र बेचिनेछ । अनि पहिरन बेचेर प्राप्त रकम च्यारिटीमा दान गरिनेछ ।

### वर्ण नमिलेपछि डीएनए परीक्षण

बुवा र आमा दुबै भारतीय । तर यी युवतीको वर्ण ठ्याक्कै युरोपेली महिलाको जस्तो छ । उनी जन्मिदा खेरी नै त्यस्तै गोरी थिइन् ।

हरियो आँखाका नानी, रातो कपाल, गोरो छाला । यी सबै विशेषताका कारण भारतको मुम्बइकी पूजा गणात्रा नामकी युवती निकै सुन्दर देखिन्छिन् । तर उनको यो सुन्दरमा वर्षौंदेखि उनको



सत्रु बनिरहेको छ ।

भारतीय बुवाआमाकी यी छोरी शुद्ध भारतीय वंशकी हुन् । तर उनलाई देख्नेहरुले विदेशी भन्छन् । बुवाआमा दुबै भारतीय हुँदा पनि तिमी किन विदेशी जस्ती भयौ ? भनेर सोधिरहन्छन् । कक्षामा शिक्षकले भन्छन्, स्लिभलेस पहिरन नलगाउ, मानिसको नजर पर्छ ।

कहीँ घुम्न जाँदा विदेशी भनेर उनीसँग सेल्फी खिच्न आउनेहरु पनि हुन्छन् । उनले हिन्दी बोलेको सुन्दा मानिसहरु विदेशीले पनि फरर्र हिन्दी बोलेको भनेर अचम्म पर्छन् ।

पूजा नश्लीय टिप्पणीहरुको समेत शिकार हुने गरेकी छन् । कतिपयले उनका वास्तविक बुवाआमाप्रति समेत आशंका गर्ने गरेका छन् । यी सबै कठिनाई तथा आशंकाबीच गुज्रिरहेका बेला पूजाले एउटा ठूलो निर्णय गरेकी छन् । उनी अब डीएनए परीक्षण गर्ने निधोमा पुगेकी छन्, जसबाट उनको त्यस युरोपेली लूकको राज के हो भन्ने पत्ता लाग्नेछ । साथै उनका बुवाआमामाथिको आशंका पनि हट्नेछ ।

### कुकुरलाई बियर, स्पा र मसाज

भारतको राजधानी नयाँदिल्लीनजिकैको गुरुग्राममा एउटा यस्तो होटेल खुलेको छ जसका ग्राहक कुकुर हुनेछन् । कुकुरका लागि भारतमा यस्तो होटल खुलेको यो पहिलोपटक हो ।

क्रिटेरेटी नामक उक्त होटलमा आफ्नो कुकुरलाई एक रात बिताउनका लागि साढे ४ हजार भारु खर्च गर्नुपर्नेछ । होटलमा कुकुरका लागि लक्जरी सुइटमा भेलभेट कभरवाला ठूलो ओछ्यान, टिलिभिजन तथा एक निजी बाल्कोनी उपलब्ध छ । होटेलको छतमा विशेष स्विमिङ पुल छ । त्यसका अलावा होटलमा कुकुरका लागि आयुर्वेदिक तेल मसाज तथा स्पाको सुविधा पनि रहेको छ । होटलमा चौबीसै घण्टा



पशु चिकित्सक उपलब्ध छन् । एउटा अपरेशन थिएटर पनि होटलभित्रै छ । कुकुर खेल्नका लागि विभिन्न सामग्रीहरुले भरिएको कोठा पनि छ । त्यसका साथै डग क्याफेमा कुकुरका लागि मनपर्ने खानेकुराहरु पस्किइन्छ । कुकुरका लागि भात, चिकेन, पेनकेक तथा आइसक्रिम जस्ता परिकार उपलब्ध गराइन्छ । यतिमात्र होइन, कुकुरका लागि अल्कोहलरहित बियरको पनि बन्दोबस्त गरिएको छ ।

### समाधीस्थलमा चुरोट



समाधीस्थलमा फूल, अगरबत्ती, खादा आदि चढाउने चलन छ । तर भारतको उत्तरप्रदेशको राजधानी लखनउमा रहेको एक समाधीस्थलमा चाहीँ मानिसहरुले फूल, अगरबत्ती र खादा होइन चुरोट चढाउने गर्छन् । उक्त समाधीस्थल वेल्स नामक एक क्रिस्चियन सिपाहीको हो, तर त्यहाँ हिन्दु तथा मुस्लिम लगायत सबै धर्मका मानिसहरु आउँदछन् । चुरोटवाला बाबाको नामले समेत चिनिने वेल्सको समाधीस्थलमा आएर मानिसहरु चुरोट सल्काएर चढाउँछन् ।

लखनउको मुसावागमा यो समाधीस्थल छ, जुन पहिले खण्डहर थियो । तर अहिले यहाँ तरकारी गोदाम बनिसकेको छ । मुसावागमा भारतीय स्वतन्त्रता अगाडि अंग्रेज बस्दथे । १८५७ को सिपाही विद्रोहका क्रममा त्यहाँको अंग्रेज सेनाको भवन ध्वस्त भयो र गोली लागे क्याप्टेन वेल्स पनि मारिए । वेल्स चुरोट तथा रक्सीका शौखिन थिए । सोही मान्यताका आधारमा त्यहाँ चुरोट चढाउने गरिएको विश्वास छ । त्यहाँ चुरोट चढाउनका लागि प्रेमजोडीहरु धेरै आउँछन् । जोडीहरुले सिगरेट बाबालाई चुरोट चढाएमा प्रेम कहिल्यै नटुट्ने मान्यता छ ।

*अनलाइन खबरबाट*

प्रेरक

## जीवनको मूल्य



एक दिन एकजना मान्छेले भगवान बुद्धलाई सोधे,- मेरो जीवनको मूल्य के हो ? बुद्धले उनका हातमा एउटा चम्किलो पत्थर थमाएर भने- 'जाऊ यो पत्थरको मूल्य कति हो ? पत्ता लगाएर आऊ' तर हेक्का राख नि, तिमीले यसलाई बेच्न पाउँदैनौ । यसको मूल्य मात्र पत्ता लगाएर आऊ ।

उनी पत्थर लिएर फलफूल पसलेकहाँ पुगे र सोधे- 'यो पत्थरको मूल्य कति हो ? पसलेले पत्थर हेरेर भने- भाइ म तिमीलाई एक दर्जन सुन्तला दिन्छु यो पत्थर मलाई देऊ ।' त्यसपछि उनी तरकारी पसलेलाई पत्थर देखाउन पुगे । पसलेले भने- म तिमीलाई एक बोरा आलु दिन्छु पत्थर मलाई देऊ ।'

उनी पत्थर लिएर सुन पसलेकहाँ गए । पत्थर देख्नासाथ सुन पसलेका आँखा चम्किए । उनले भने- 'यो पत्थर मलाई देऊ । म तिमीलाई ५० लाख रुपैयाँ दिन्छु । जवाफमा ती व्यक्तिले भने- 'मलाई मेरा गुरुले यसलाई नबेच्नु भन्नुभएको छ । म तिमीलाई एक करोड दिन्छु । सुन पसलेले भाउ बढाए तर ती व्यक्तिले बेच्न मानेनन् ।

उनी हिरा व्यापारीकहाँ पुगे । जौहारीले कपडा ओछ्याएर त्यो पत्थर राखेर त्यसको परिक्रमा गरे र त्यसलाई ढोगे । उनले भने- तिमीले यो अमूल्य रुबी कहाँबाट ल्यायौ ? यो यति अमूल्य छ कि सिंगो दुनियाँ बेचे पनि यसलाई किन्ने पैसा आउँदैन । ती व्यक्ति आश्चर्यचकित भए । सिधै बुद्धकहाँ गएर फलफूल पसले, तरकारी पसले सुन व्यापारी र जौहारीसँग भएका कुराकानीको वृत्तान्त सुनाए । त्यसपछि बुद्धले भने फलफूल पसलेले यो पत्थरको मूल्य एक दर्जन सुन्तला बतायो । तरकारी पसलेले यसलाई एक बोरा आलु बराबर सम्झ्यो । सुन पसलेका निम्ति यसको मूल्य एक करोड थियो र जौहारीका निम्ति यो अमूल्य ठहरियो । बुद्धले भने तिमी अमूल्य हिरा हौ ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

खर्च बढ्नुका साथै अर्थअभाव खट्किनाले बनिसकेको काम दोहोर्याउनुपर्ला । पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ । छर(छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुपर्ला । तत्काल लाभ उठाउँदा पछि हुने फाइदा घट्न सक्छ । तापनि टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ भने लामो यात्रा गर्ने अवसर पनि जुट्न सक्छ ।

### बृष

परिश्रम परे पनि कम प्रतिफलमा चित्त बुझाउनुपर्ने परिस्थिति रहला । खोजी गर्दा आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । तर आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोसिस गर्लान् । आम्दानी भए पनि फजुल खर्च बढ्नाले अर्थ अभाव देखा पर्नेछ । चिताएको मूल्य प्राप्त नभए पनि प्रयत्न गर्दा ऋणमोचन हुनेछ । परिस्थितिवश काममा पनि बाधा पुग्नेछ ।

### मिथुन

मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ । प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि दिगो फाइदा हुने काममा जग बसाउने मौका छ । कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ । नोकरी तथा व्यवसायमा विशेष फाइदा होला । रुचिका विषयमा लगानी समेत बढाउन सकिनेछ ।

### कर्कट

टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ । परिश्रमले धेरैको मन जित्न सकिनेछ । अरूको काममा जुट्नुपरे पनि फाइदा आफैंलाई हुनेछ । समुदायको हितमा राम्रै काम गर्न सकिनेछ । दिगो फाइदा हुने जिम्मेवारी प्राप्त हुनेछ । प्रयत्न गर्दा आफ्नो वर्ग वा क्षेत्रको नेतृत्व हातलागी हुनेछ ।

### सिंह

स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल प्राप्त नहोला । शुभचिन्तकहरू टाढिनेछान् भने काम बिग्रने भयले सताउनेछ । न्यून उपलब्धिमै चित्त बुझाउनुपर्ला । स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला । पहिलेका समस्या दोहोरिनेछन् र घरेलु कामले अल्झाउन सक्छ । आलोचकहरू बढ्नेछन् भने लेनदेनमा विवाद हुन सक्छ ।

### कन्या

मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चालु बन्नेछ । लोकाचारका लागि भोगविलासका वस्तु जुटाउनुपर्ला । परिवारजन तथा आफन्तबीच आत्मीयतामा कमी आउनेछ । यात्राको प्रक्रियाले खर्च बढाउन सक्छ । तापनि मिहिनेतले सफलता दिलाउनेछ । प्रेम र मित्रताको बन्धन कसिनेछ । गृहस्थीले मनमा आनन्द दिलाउनेछ । परिवारजनको साथले आशा जगाउनेछ ।

### तुला

रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । संघर्ष गरेरै अधिकार स्थापित गर्न सकिनेछ । व्यापारलगायत आर्थिक लाभ हुने काममा फाइदा हुनेछ । प्रयत्न गर्दा सजिलै लक्ष्य प्राप्त हुनेछ । मिहिनेतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ । भौतिक साधन जुट्नाले फाइदा हुने काम सुरु हुनेछ । प्रतिस्पर्धीहरू किनारा लाग्नेछन् भने मुद्दामा पनि विजय सम्भावना छ ।

### बृश्चिक

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ । सहपाठीहरूलाई पछि पार्न सफल भइनेछ । प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ । सामाजिक उत्तरदायित्व वहन गर्दै दिगो फाइदा हुने काम हात पार्ने मौका छ । गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ ।

### धनु

मान्यजनसँग असमझदारी बढ्नेछ भने हठ गर्ने बानीले समस्या निम्त्याउन सक्छ । आफ्नो स्वामित्वका वस्तुमा विवाद आउन सक्छ । बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउनेछ । महत्वाकांक्षी योजना गोप्य राख्नुहोला । आफन्तबीच आत्मीयतामा कमी आउला । महत्वाकांक्षी योजना बिस्तारै फलदायी हुनेछन् । पशु, भूमि र मातृधनबाट सामान्य लाभ मिल्नेछ ।

### मकर

विभिन्न उपहार प्राप्त हुने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । प्रतिद्वन्द्वीलाई सजिलै हराउन सकिनेछ । गरिएका कर्मको उचित प्रतिफल पाइनेछ । पुरुषार्थी कामले समाजमा स्थापित बनाउनेछ । चुनौती पन्छाएर नयाँ काममा जग बसाउने मौका छ ।

### कुम्भ

अर्थ उपार्जनका विभिन्न स्रोतहरू फेला पर्नेछन् । समाजमा आफ्नो प्रभाव बढ्न सक्छ । तर अरूको बारेमा चासो राख्दा स्वयं समस्यामा परिएला । अध्ययन र व्यापारमा सोचेजस्तो प्रगति नहुन सक्छ । नयाँ योजना कार्यान्वयन गर्न निकै मिहिनेत गर्नुपर्ला । तापनि, मौका पर्खंदा स्थितिमा सुधार आउनेछ । आफ्ना कमजोरीमाथि टिप्पणी हुने समय छ, सजग रहनुहोला ।

### मीन

विभिन्न अवसरले पछ्याए पनि समयमा निर्णय लिन नसक्दा पछि परिनेछ । रमाइलो जमघटमा सहभागी हुने अवसर जुट्नेछ । तर, बेसुरको अलमलले काममा पछि पारिनेछ । खानपानको असावधानीले स्वास्थ्य बिग्रनेछ । आफ्ना कमजोरीको फाइदा अरूले उठाउलान् । कामका लागि धाउनेहरूबाट सजग रहनुपर्ला । शुभचिन्तकहरूको राय लिएर अघि बढ्नुहोला ।

## 'पिंजडा व्याक अगेन' को आइटम गीत रिलिज



माघ ४ गतेबाट प्रदर्शनमा आउन लागेको 'पिंजडा व्याक अगेन'को आइटम गीतको लिरिकल भिडियो सार्वजनिक भएको छ । 'बल्यो धप धप यो जवानी' बोलको गीतमा शशी रावलको स्वर छ । डा. कृष्णहरी बरालले रचना गरेको गीतमा बसन्त सापकोटाले संगीत भरेका छन् ।

कथावस्तु बाहिर आउने डरले निर्माण पक्षले गीतको भिडियो भने सार्वजनिक नगर्ने निर्णय गरेको छ । यो आइटम गीतको भिडियो अब दर्शकले सिनेमा घरमा मात्र हेर्न पाउनेछन् । अभिनेता निखिल उप्रेतीको डेब्यू फिल्म हो 'पिंजडा' । यसको नेम सिक्वेललाई द्वन्द्व निर्देशक हिमाल केसीले निर्देशन गरेका हुन् । फिल्ममा निखिल उप्रेती, सारा सिर्पाली, सुस्मिता केसी, पुकार भट्टराई, ज्याक श्रेष्ठ लगायतका कलाकारहरुको अभिनय रहेको छ ।

## स्क्रिप्ट प्रतियोगिता

पहिलो र दोस्रो संस्करणको सफलतापछि 'नेपाली स्क्रिप्ट लेखन प्रतियोगिता ३' आयोजना हुने भएको छ । सन् २०१२ देखि सुरु भएको यो प्रतियोगीतलाई निरन्तर रुपमा 'न्यु नेपाली सिनेमा'ले आयोजना गर्दै आइरहेको छ ।

यस प्रतियोगितामा सहभागिता जनाउन कुनै शुल्क लाग्ने छैन भने बिजेताले ३ लाख पुरस्कार पाउनेछन् । आयोजक मनोज अधिकारीले थन्किएका कथालाई उजागर गर्ने उद्येश्यले 'नेपाली स्क्रिप्ट लेखन प्रतियोगिता ३'को आयोजना गरेको बताए । उनका अनुसार, उत्कृष्ट मध्ये एउटा कथालाई पुरस्कृत गरेर फिल्म पनि निर्माण गरिनेछ ।

यसमा सहभागिता जनाउन न्युनतम एकदेखि तीन पेजको कथा इमेल लभधलभउबष्अिष्लभझब२क्तबर्ष.अफ मा पठाउनु पर्नेछ । प्राप्त कथा मध्येबाट निर्णायकले २५ कथा छान्नेछन्, जसलाई तयार पार्न ३ महिनाको समय दिइनेछ । सन् २०१८ को फेब्रुअरी १६ सम्म कथा पठाई सक्नु पर्ने आयोजक अधिकारीले बताए ।

## रमिलाको नयाँ दोहोरी 'तल परिन्न'

लोक गायिका रमीला न्यौपाने र गायक खुमन अधिकारीको आवाजमा नयाँ गीति एल्बम 'तल परिन्न' सार्वजनिक भएको छ ।

आफ्नो काम गरेर तल परिन्न भन्ने बोलको गीत रमिला न्यौपाने र रामप्रसाद कँडेलले बजारमा ल्याएका हुन् ।



गीतमा छोरा र छोरीले गर्ने काम भनी कामको वर्गीकरण भन्दा सक्ने काम सवैले गर्नुपर्छ भन्ने चेतनामुलक सन्देश दिन खोजिएको छ । आफ्नो कामलाई घृणा गर्ने आफै पछि पर्छन् भन्दै गीतमा भनिएको छ, राम्रो सोचाइ हुनेहरुले राम्रो काम गर्छन् । खुमन अधिकारीको लय तथा रमिला न्यौपानेको शब्दमा रहेको उक्त गीत आशिष म्युजिक प्रालिबाट बजारमा आएको छ भने निर्देशक प्रकाश भट्टले भिडियोमा निर्देशन गरेका छन् । राजेश घिमिरेको छायांकनमा रहेको उक्त भिडियोको सम्पादन भने बिष्णु शर्माले गरेका हुन् । भिडियोमा खुमन र रमिलाले आफैंले अभिनय गरेका छन् ।

## मेलिनाको 'इन्द्रेणी' भिडियोले चर्चा पायो

गायिका मेलिना राईको आवाजमा समावेश 'इन्द्रेणीको' बोलको गीतको भिडियोलाई निर्देशक शान थापाले निकै मिहिनेतका साथ तयार पारेका छन् । यो गीतमा शब्द दियालो सुशन माझीको रहेको छ भने यसलाई उत्तम जंग लिम्बुले संगीत भरेका छन् ।

भिडियोमा निराजन प्रधान र नीता ढुंगानाको जोडीलाई देखाइएको छ । चलचित्रमा आजसम्म नदेखिएको जोडीलाई भिडियोमा फिचरिङ गरिएको शानले बताए । गीतमा युवतीले कल्पना गर्ने मायाको संसारलाई चित्रण गरिएको छ । विशेषगरि यो भिडियोको चर्चा यसमा प्रयोग गरिएको मोडलहरुको पहिरनले पनि बढी छ ।

कमल मानन्धरको डिजाइनमा रहेको ड्रेसमा निराजन र नीतालाई प्रस्तुत गरिएको छ । राजिभ समरको कोरियोग्राफी रहेको गीतलाई अर्जुन तिवारी र टीमले खिचेका हुन् । मनोज जोशी प्रोडक्सन म्यानेगर रहेको यस गीतको भिडियोमा सम्पादन र कलर सुप्रिम पराजुलीको रहेको छ ।

(एजेन्सीहरुबाट)

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Laconic = छोटो मिठो र मिलाएर बोल्ने She can not deliver a lenghty harangue rather a laconic speech . -तिनलाई लामो प्रभावशाली भाषण गर्न नआए पनि छोटो मिठो बोल्दछिन् )

Magnanimity = सौहार्द्रता वा भलादमीपन, For having donated a big sum to charity he was appreciated for his magnanimity (सामाजिक संस्थालाई ठूलै राशि चन्दा प्रदान गरेकोमा सबैले उनको भलादमीपनको प्रशंसा गरे)

Negate = रद्द गर्नु वा नकार्नु, Being an orthodox, how can you negate the existence of the God ? (धर्ममा कट्टर भएर पनि तिमी कसरी ईश्वर छ भन्ने कुरालाई नकार्न सक्छौ ? )

Obsequious = अति नै चाकडी गर्ने, He is the only one who is totally obsequious to his boss (आफ्नो हाकिमप्रति अति चाकडी देखाउने ऊ मात्र एकजना हो)

Paragon = पूर्णताको नमुना, सवैगुणले युक्त He is a paragon but makes no claim to be as such (सबै गुणले सम्पन्न हुँदाहुँदै पनि ऊ आफैं म यस्तो छु भनेर घमण्ड प्रदर्शन गर्दैन)

Quibble = झिनो विरोध, Except a few teenagers' quibble, most of the audiences appreciated his classical presentation (अल्लारे केटाहरूको झिनो विरोधबाहेक अरु सबैले उसको शास्त्रीय प्रस्तुतिलाई प्रशंसा गरे)

Rarefied = पातलो हुस्सु, कुहिरो वा धुँवा, The morning atmosphere in Kathmandu starts becoming rarefied already from the month of October (अक्टोबर महिनादेखि नै काठमाडौंमा पातलो कुहिरो लाग्न सुरु हुन्छ)

Sage = विद्वताको लागि प्रख्यात व्यक्ति, विद्वान, साधु सन्त In a helpless situation everyone consults the sages (सबै पक्षबाट निराश भइसकेपछि सवै साधुसन्तको संगतमा आउँछन्)

Tangential = मुख्य कुरा बाहेकका अन्य कुराहरू, Dedicating only a few minutes on main issues, the meeting spent hours on tangential issues (मुख्य विषयवस्तुलाई थोरै समय दिएर, बैठकले कम महत्वको विषयमा धेरै समय खर्च गर्‍यो)

Unfeigned = सांचो, वास्तविक The fear that she had of a barking dog was unfeigned (भुक्दै गरेको कुकुरदेखि उनी डराएको जस्तो गरेकी होइनन् साँच्चै डराएकी हुन् )

## सामान्य ज्ञान

नेपालमा पञ्चायती व्यवस्थाविरूद्ध २१ दिनसम्म अनसन बस्ने प्रधानमन्त्री को हुन् ?
- सूर्यबहादुर थापा

राजदरबारसम्बन्धी मुख्य अधिकारीलाई के भनिन्छ ?
- महाप्रतिहार

सडक निर्माणमा कैदीहरूलाई काममा लगाउने अड्डालाई के भनिन्छ ?
- चपरासी अड्डा

सरकारद्वारा हरण गरिएको सम्पत्तिको व्यवस्था गर्ने अड्डा कुन हो ?
- जफ्टीको अड्डा

इन्द्रजात्रामा कुमारीको रथ घुमाउने चलन कसले चलाए ?
- राजा जयप्रकाश मल्ल

चिठ्ठीपत्रमा नेपाली टिकट टाँस्ने व्यवस्था कसले गरेका हुन् ?
- श्री ३ जुद्धशमशेर

पाटनको कृष्ण मन्दिर कसले र कहिले बनाए ?
- सिद्धिनरसिंह मल्ल, १६९४ वि.सं.

भक्तपुरको ५५ झ्याले दरबार कहिले र कसले बनाए ?
- भूपतीन्द्र मल्ल, वि.सं. १७५६

नेपालमा सैनिक अस्पताल बनाउने व्यक्ति को हुन् ?
- चन्द्रशमशेर, १९७१ वि.सं.

साधारण जनताबाट प्रधानमन्त्री हुने प्रथम नेपाली व्यक्ति को हुन् ?
- मातृकाप्रसाद कोइराला

नेपालमा अंग्रेजी भाषामा स्नातक पाउने प्रथम व्यक्ति को हुन् ?
- जयपृथ्वीबहादुर सिंह

एकभन्दा बढी बिहे गर्ने प्रथालाई के भनिन्छ ?
- पोलिगामी

विश्वको कुन जातिले अंकको आविष्कार गरे ?
- अरबजाति, अरबियन

काठमाडौं उपत्यकाबाट सबभन्दा राम्ररी सगरमाथा कुन ठाउँबाट देख्न सकिन्छ ?
- नगरकोट

## फरक थाहा पाई राख्नुहोस्

Ingenious = सर्वगुण युक्त Being ingenious, nothing is impossible for him (सर्वगुणले युक्त भएको हुँदा उसको लागि असम्भव भन्ने कुरा केही पनि छैन)

Ingenous = लुकाइछिपाइ गर्न नजानेको Being ingenous, he says everything frankly (लुकाइछिपाइ गर्न नजानेको हुँदा ऊ सबै कुरा खुलस्त राख्छ)

Inhibit = रोक्नु, निषेध गर्नु आफैंले आफैंलाई My conscience inhibits me from taking advantage of someone's weakness कसैको कमजोरीदेखि फाइदा उठाउन मेरो चेतनमन मलाई रोक्छ ।

Prohibit = निषेध गर्नु अरुबाट Library regulation prohibits smoking in reading room पुस्तकालयको नियमले पढने कोठामा धुम्रपान निषेध गर्छ ।

Inhuman = अमानवीय Giving torture to prisioners is inhuman (कैदीहरुलाई यातना दिनु अमानवीय कुरा हो )

Unhuman = मानवको लागि असम्भव Never to make mistake is unhuman (गल्ती कहिल्यै नगर्नु भन्ने कुरा मानवको लागि सम्भव कुरा होइन)

Insignia = सूचक A white dress is an insignia of mourning (सेतो लुगा वरखीको सूचक हो)

Insigne = दर्ज्यानी चिन्ह Every military official wears insigne of his position while working (हरेक सैनिक अधिकृतले ड्युटीमा आफ्नो दर्ज्यानी चिन्ह लगाएको हुन्छ)

Instinct = भित्री मन My instinct tells me not to trust her (मेरो भित्री चेतनाले मलाई उनीमाथि विश्वास नगर भन्छ)

Intuition = संस्कार Although my intuition tells me not to take food together with untouchable caste, I always disobey it (मेरो संस्कारले अछुतहरूसँगसँगै बसेर नखाउ भने तापनि म यस्तो कुरा मान्दिन)

## सुडोकु-अंक ८३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | २ | | ६ | | ९ | | ५ | ८ |
| | ४ | | | ५ | | | २ | |
| | | ६ | | | | ७ | | |
| | ७ | | ५ | | ३ | | १ | |
| ५ | | | | | | | | २ |
| | ३ | | ७ | | ८ | | ९ | |
| | | ५ | | | | २ | | |
| | ९ | | | ६ | | | ४ | |
| ४ | ८ | | २ | | १ | | ६ | ३ |

## अंक ८२ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ७ | ३ | ६ | २ | ९ | ५ | १ | ८ |
| ६ | १ | ९ | ४ | ५ | ८ | ३ | ७ | २ |
| २ | ८ | ५ | ७ | ३ | १ | ४ | ६ | ९ |
| ७ | ३ | ८ | ९ | ४ | २ | १ | ५ | ६ |
| ५ | २ | १ | ८ | ७ | ६ | ९ | ३ | ४ |
| ९ | ४ | ६ | ५ | १ | ३ | २ | ८ | ७ |
| ८ | ९ | २ | ३ | ६ | ५ | ७ | ४ | १ |
| १ | ५ | ७ | २ | ८ | ४ | ६ | ९ | ३ |
| ३ | ६ | ४ | १ | ९ | ७ | ८ | २ | ५ |

# उद्यान हस्तान्तरण कार्यक्रमका केही झलकहरु
















# बाल विकास समाजद्वारा नमुना बालमैत्री बाल उद्यान मर्मतमा सहयोग

बाल विकास समाजले विगत २७ वर्षदेखि श्रमिक, सुविधाविहिन बालबालिकाहरुको शिक्षा, स्वास्थ्य तथा संरक्षणको क्षेत्रमा सशक्त रुपमा काम गरिरहेको छ। संस्थाले विशेष गरी सहरी क्षेत्रमा बसोबास गर्ने बालबालिकाहरुका लागि उनीहरुको समग्र विकासमा सहयोग गरी विभिन्न क्रियाकलापहरु सञ्चालन गरिरहेको छ । यस संस्थाले बालबालिकाहरुको सामाजिकीकरणको विकाससँगै एक अर्कामा हुने विभेद अन्त्य गर्ने उद्देश्यले बालमैत्री बाल उद्यानको परिकल्पना गरेको छ।

सहरमा बस्ने बालबालिकाहरुका लागि खेल्ने ठाउँको अभाव भएका कारण उनीहरुले एक अर्कालाई बुझ्ने र सामाजिकीकरणको कुरालाई विर्सेको र जुन कुराले उनीहरुको विकासमा असर गर्ने कुरामा विज्ञहरुको विश्लेषण रहेको छ । संस्थाले सोही कुरालाई मध्यनजर गरी ललितपुर महानगरपालिका वडा नं. ११ मा रहेको इमुखेल बाल उद्यानमा बालमैत्री बनाउन सहयोग उपलब्ध गराएको हो । संस्थाको सहयोगबाट उक्त उद्यानमा बालमैत्री खेल सामग्री राखिनुका साथै उद्यान मर्मत तथा सम्भारको कार्य समेत पूरा भएको हो। सो कार्य इमुखेल संरक्षण समिति र ललितपुर महानगपालिका वडा नं. ११ सँगको प्रत्यक्ष समन्वयमा सम्पन्न भएको हो।

उद्यानमा राखिएका बालमैत्री सामग्रीहरु एक कार्यक्रमको आयोजना गरी संस्थाले समुदायलाई हस्तान्तरण गरेको हो । सामग्री हस्तान्तरण कार्यक्रममा ललितपुर महानगरपालिका समाज कल्याण महाशाखा प्रमुख प्रेम ब. थापाले संस्थाले बालमैत्री सामाग्री उद्यानमा राखिदिएको हुनाले बालबालिकाहरुलाई खेल्न सहज भएको र जसले गर्दा उनीहरुको चौतर्फी विकासमा टेवा पुग्ने कुरामा दुविधा नभएको बताउनु भएको थियो। यसैगरी महानगरपालिका वडा कार्यालय ११ का वडा सदस्य तथा कार्यपालिका सदस्य आपुल शाक्यले संस्थाको कामले आफू खुशी भएको र आगामी दिनमा यस बाल उद्यानलाई बालमैत्री तवरबाट विकास गर्न तथा यस उद्यानको विस्तारका लागि वडाबाट बजेट छुट्ट्याउने प्रतिवद्धता समेत व्यक्त गर्नु भएको थियो । सहरमा बस्ने बालबालिकाहरुका लागि खेल्ने ठाउँको अभाव भएर बाटोमा खेल्दा दुर्घटनामा पर्ने र उनीहरुमा विविध समस्याहरु हुने, साथै एक अर्कामा सदभाव तथा सामाजिकीकरण हुने मौका पनि नपाउने हुनाले यो समस्याको रुपमा रहेको कुरा उहाँले औल्याउनु भएको थियो । बाल उद्यानको अभाव भएको कुरा वडाले पनि महशुस गरेको र आगामी दिनमा यस कुरालाई मध्यनजर गरी वडामा रहेका सवै वर्गका बालबालिकाहरुको समस्यालाई सम्बोधन गर्नका लागि पहल गर्ने कुरा पनि उहाँले कार्यक्रममा बताउनु भएको थियो ।

इमुखेल संरक्षण समितिका अध्यक्ष दल बहादुर देउलाले यस क्षेत्रमा देउला समुदायको बसोबास भएको र देउला समुदायलाई अरुले फरक ढङ्गबाट हेर्ने हुनाले उक्त कुरालाई चिर्नका लागि यस क्षेत्रमा बाल उद्यान निर्माण गरिएको इतिहास उल्लेख गरेका थिए। उद्यानमा सबै प्रकारका बालबालिकाहरुको जमघट हुने र एक अर्कामा हुने विभेदको अन्त्य भइ समावेशी समाज निर्माणमा टेवा पुग्ने अवधारणालाई अवलम्वन गरी इमुखेल बाल उद्यान निर्माणमा आफू लागि परेको कुरा बताएका थिए। बाल विकास समाजका अध्यक्ष सुवास गौतमले संस्थाले बालअधिकारको प्रत्याभूत गर्दै यस प्रकृतिका कार्यहरु गरिरहेको र आगामी दिनमा पनि गरिरहने कुराको जानकारी गराउनु भएको थियो । समुदायसँग मिलेर बालबालिकाहरुको संरक्षण लगायतका क्षेत्रमा काम गर्न संस्था तयार भएको हुनाले सोही अनुसार आगामी दिनमा समन्वयत्मक भूमिका खेल्न उहाँले समुदायलाई अनुरोध गर्नु भएको थियो ।

**बाल उद्यानको स्थलगत अनुगमन**

बाल विकास समाजले ललितपुर महानगरपालिकास्थित वडा नं. ११ मा रहेको बाल उद्यानलाई नमूना बाल उद्यानको रुपमा विकास गर्नका लागि मर्मत तथा सम्भार गर्न सहयोग गरेको छ। उक्त उद्यानको छेउमा देउला बस्तीको बसोबास रहेको र सोही बालबालिकाहरुलाई लक्षित गरी उद्यान मर्मतमा सहयोग गरेको हो । संस्थाले ललितपुर महानगरपालिका वडा ११ तथा इमुखल संरक्षण समितिसँगको समन्वयमा उक्त कार्य सम्पन्न गरेको हो । बालबालिकाहरुमा सामाजिकीकरणको भावना उजागर गर्दै एक अर्कामा हुने सबै किसिमका विभेदहरुको अन्त्य गर्नमा यो कार्यले सहयोग गर्छ भन्ने विश्वास संस्थाको रहेको छ । सो बाल उद्यानको अनुगमन कार्य सम्पन्न भएको छ । ललितपुर महानगरपालिका समाज कल्याण महाशाखा प्रमुख, वडा नं. ११ का वडा सदस्य, बाल विकास समाजका पदाधिकारी, कर्मचारीहरुको सहभागिता भएको थियो । अनुगमन गर्ने क्रममा बाल विकास समाजले बालबालिकाहरुका लागि उद्यान मर्मतमा गरेको सहयोग अतुलनीय रहेको र यसबाट बालबालिकाहरुमा हुने विभेदको भावना अन्त्य हुने कुरामा कुनै दुविधा नभएको कुरा अनुगमनमा सहभागी वरिष्ठ अधिकृत प्रेम ब. थापाले बताउनु भएको थियो । अन्य संस्था भन्दा बाल विकास समाज फरक संस्था भएको हुनाले पनि काम गर्न सहज भएको कुरा बताउनु भएको थियो । अनुगमनमा सहभागी वडा सदस्य आपुल शाक्यले आगामी यस उद्यानलाई विस्तार गर्नका लागि वडाबाट बजेट छुट्ट्यान पहल गर्ने कुरा बताउनु भएको थियो । अनुगमन गर्ने समुहले संस्थाले गरेको कार्य प्रभावकारी भएको र सामग्री पनि गुणस्तरीय नै रहेको ठहर गरेको थियो । यस प्रकारको अनुगमनले आगामी दिनमा संस्थालाई काम गर्नका लागि थप सहज वातावरण तयार हुने कुराको विश्वास संस्थाका कार्यक्रम निर्देशक किरण थापाले बताउनु भएको थियो ।




**प्रस्तुति : गोविन्द वि क**

## सत्ता आलोपालो...

विश्वभक्त दुलाल (आहुती) ले पार्टीबाटै अलग भएको घोषणा गरेका छन् ।

माओवादीभित्र ठूलो प्रभाव नभएका यी नेताहरुको विरोधप्रति नेतृत्वले त्यति चासो लिएको पाइँदैन । माओवादीलाई उक्साउन देशी, विदेशी तत्वहरु उत्तिकै सक्रिय छन् । चुनावको मुखमा एक्कासी बनेको गठबन्धनको पछाडि चीनको हात रहेको विश्लेषण गर्दै अब नेपालको राजनीतिमा चिनियाँ प्रभुत्व बढ्ने डरले भारतीयहरुको चिन्ता बढी नै रहेको छ । भारतले विभिन्न माध्यमबाट माओवादी नेतृत्वलाई नमिल्न दबाब दिइरहेको छ भने एमालेबाहेकको सरकार निर्माणको लागि समेत लबिङ गरिरहेको छ । वाम गठबन्धन भत्काउने अभियानमा भारतीय खुफिया एजेन्सी 'रअ' बढी नै सक्रिय रहेको समाचार समेत सार्वजनिक भएका छन् । त्यसैगरी एमाले नेताहरुलाई समेत उक्साउने काम भइरहेको छ ।

माओवादीसँगको एकतापछि आफ्नो भूमिका कमजोर हुने र नेतृत्व तहमा पुग्न लामो समय लाग्न सक्ने आशंकाले एमालेका नेताहरु ग्रसित बनेका छन् । प्रदेश तहमा एमाले सरकार निर्माण गर्न माओवादीको साथ नचाहिने र केन्द्रमा समेत मधेसी दललाई थोरै हिस्सा दिएर मिलाउन सकिने भएकाले माओवादी मिलाएर ४० प्रतिशतको नोक्सान माथिदेखि तलसम्म झेल्नु नहुने तर्क समेत एमाले वृत्तमा उठ्ने गरेको छ । दुवै पार्टीका दोस्रो तहका नेताहरुले दिइरहेका सार्वजनिक अभिव्यक्तिले समेत एकतामा थुप्रै आशंका जन्माउने गरेको छ ।

अहिले आएर एकताको प्रारुप तयार गर्ने दायित्व दुई नेतालाई सुम्पिएकाले उनीहरु गाइडलाइन तयार गर्ने अभियानमा जुटेका छन् । शीर्ष तहको गृहकार्य टुंगिएपछि त्यसलाई पार्टी एकता संयोजन समितिले छलफल गरी फाइनल रुप दिने गरी छलफल अगाडि बढाउने निर्णय भएको छ । पार्टीमा दुवै प्रमुखको हैसियतमा रहने गरी एकताको मोडालिटी तय गरिने भएको छ । ओलीले सरकारको नेतृत्व गर्दा प्रचण्डले पार्टीको नेतृत्व गर्न पाउने सहमति भइरहेको छ । ओली पनि पार्टी प्रमुख रहे पनि सरकारको नेतृत्व गरेको समयमा उनको भूमिका सेरेमोनियल अध्यक्षको मात्र हुनेछ । शीर्ष तहको कुरा मिलेपछि केन्द्रीय समिति ६०।४० कै अनुपातमा हुने गरी टुंगो लगाइने जानकारी प्राप्त भएको छ । सरकार गठनअघि नै एकताको प्रारुप तयार गर्ने पनि शीर्ष नेताहरुले निर्णय गरेका छन् ।

नेपालको राजनीतिमा बाहिरी हस्तक्षेपको लामो अनुभव बोकेका भुक्तभोगीहरु अझै पनि दुई वाम पार्टीबीचको एकता भाँडिने थुप्रै सम्भावना रहेको विश्लेषण गरिरहेका छन् । राजनीति आफैंमा सम्भावनाको खेल भएकाले अन्तिम निष्कर्ष नभएसम्म यसै हुन सक्छ भनेर निश्चित गर्न सकिँदैन ।

यसैबीच एमाले स्थायी समितिको बैठक हिजो केपी निवास बालकोटमा बोलाइएको थियो । बैठकमा राष्ट्रपतिसमक्ष पेश भएको राष्ट्रियसभा निर्वाचन अध्यादेश, नयाँ सरकार गठन, एमाले-माओवादीबीच पार्टी एकता, पार्टीको तर्फबाट प्रदेशसभा समानुपातिकका सांसदको नाम टुंगो लगाउने लगायतका विषयमा छलफल भएको थियो ।

## सरकार आर्थिक...

खर्च समेत मन्त्रिपरिषद्बाट भराइएको छ । मुलुकमा अख्तियार दुरुपयोग लगायतका निकाय सक्रिय भए पनि देउवा सरकारको आर्थिक अनियमिततातर्फ आँखा लगाउन खोजेका छैनन् ।

## चुनावी...

बैठक शुक्रबार बिहान ८ बजे प्रधानमन्त्री निवास बालुवाटारमा बस्नेछ । बैठकले चुनावको समीक्षा गर्नुका साथै समानुपातिक तर्फका सांसदहरुको नामावली समेत फाइनल गर्नेबारे छलफल गर्ने भएको देउवाका प्रेस संयोजक गोविन्द परियारले बताएका छन् ।

## बोकाको टाउकोमा...

गराउन अब ठूलो संख्यामा कर्मचारीको सरुवा हुन लागेको समाचार पनि हामीलाई प्राप्त भएको छ । हाम्रो जस्तो सानो मुलुकमा उठेको राजस्वको सम्पूर्ण रकम र ऋणले समेत साधारण खर्च धान्न मुश्किल पर्‍यो भने नेताहरुले भन्दै आएका रेल, मोनोरेलहरु कसरी गुडाउने ? प्रश्न गम्भीर छ । संघीयता बोकाका टाउकाको भैंसीको सिङ हुनबाट जोगाउन सम्बन्धित सबै पक्ष बेलैमा जिम्मेवार हुन आवश्यक छ ।

## विवादमा...

उपमेयर हरिप्रभा खड्गी पुनःनिर्माणमा रड, सिमेन्ट जस्ता आधुनिक निर्माण सामग्री प्रयोग गरेर पोखरीको पुरातात्विक अस्तित्व समाप्त पार्न खोजिएको भन्दै निर्माण कार्य रोक्ने अभियानमा जुटेकी छन् । विवाद यतिसम्म बढ्यो कि उपमेयरको समेत सहभागितामा रानीपोखरी संरक्षणका अभियन्ताले निर्माण कार्य रोक्न पोखरीमा ताला लगाए । उपमेयरले पोखरी वरिपरिको पर्खाल ढलान तत्काल रोक्न निर्देशन समेत दिइन् । पोखरी वरिपरिको पर्खाल महानगरले लगाइरहेको छ भने पोखरीबीचमा रहेको वाल गोपालेश्वर मन्दिरको पुनःनिर्माण पुरातत्व विभागले गरिरहेको छ ।

रानीपोखरी संरक्षणका अभियन्ता आलोक तुलाधर महानगरको पर्खाल निर्माण कार्यले पोखरीको क्षेत्रफल घट्नुका साथै पोखरीको ऐतिहासिक तथा पुरातात्विक महत्वप्रति पूरै बेवास्ता गरिएको दाबी गर्छन् । सम्पदाविद् र पुरातत्वविदहरुको समर्थनमा तालाबन्दी गरेको उनी बताउँछन् । उता मेयर विद्यासुन्दर शाक्यले ताला तोडेर पुनःनिर्माण चालु राख्न निर्देशन दिएका छन् । उनले प्रहरीको सहयोगमा ताला खोलाएका थिए । मेयर शाक्यले पुरातत्व विभागको स्वीकृति र डिजाइन अनुसार नै काम भइरहेको बताएका छन् ।

राजा प्रताप मल्लले नेपाल संवत् ७९० मा ५ वर्ष लगाएर निर्माण सम्पन्न गराएको रानीपोखरीको पुनःनिर्माण ३ वर्ष समय बित्न लाग्दासमेत नसकिनुले महानगरको कछुवा शैलीको काम गराइभन्दा कुनै अनुचित हुँदैन । पुरातत्व विभागका महानिर्देशक भेषनारायण दाहालले पनि महानगरले पुरातात्विक महत्वका भौतिक संरचना निर्माणको मापदण्डलाई लत्याएको आरोप लगाउँछन् । आधुनिक निर्माण सामग्री प्रयोग गर्दा पनि सम्पदाको मूल शैली र स्वरुप बिगार्नु नहुने महानिर्देशक दहालको भनाइ रहेको छ । यसैबीच बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले रानीपोखरीको पुनःनिर्माण पुरातत्व विभागको मापदण्ड अनुसार नै गर्नु भनी काठमाडौं महानगरपालिकालाई निर्देशन दिएको छ ।

## यसरी झाँगियो...

दिन चाहन्थे । तर स्वार्थी गिरोहले मनोमानी गरेर राजालाई समेत झुक्याएका थुप्रै उदाहरणहरू छन् । लागू पदार्थ, भ्रष्टाचार र अख्तियार दुरूपयोगका कारण संसारभरि नेपाल बद्नाम हुँदै थियो । धेरै देशका जेलमा नेपालका लागू पदार्थ तस्कर र मुर्तिचोरहरू थुनिएका थिए । नेपाल भनेको तस्कर र वद्नामहरूको देश हो भन्ने सन्देश विश्वभरि फैलिदै गयो । सन् १९७० को दशकमा पटकपटक नेपाल आएका अमेरिकी पत्रकार जोसेफ पिट्रीले लेखेका छन् - त्यसबेला दरवारमा बस्नेहरूको संरक्षण पाएर लागू पदार्थ तस्करहरू समेत उत्साहित भएका थिए । 'द ड्रग ट्रेल इन्ड्स इन काठमाण्डु' शिर्षकमा उनी भन्छन् -"नेपालमा फैलिएको हिप्पी संस्कृतिले त्यतिवेला काठमाडौंदेखि युरोप र अमेरिका सम्म लागू पदार्थको कारोवार फैलिएको थियो । सन् १९७३ मा नेपालले लागू पदार्थलाई प्रतिवन्ध लगाएपनि त्यसको कारोवार गर्नेहरू दरवार भित्रै थिए । दरवारका प्रभावशाली व्यक्तिहरूले लागू पदार्थ तस्करहरूलाई संरक्षण दिएका थिए । प्रहरी महानिरीक्षक डीवी लामाले समेत त्यस्ता लागू पदार्थ कारोवार हरूलाई संरक्षण दिएका थिए ।"

सन् १९८० पछि लागू पदार्थ तस्करी र भ्रष्टाचारमा नेपाल झन बद्नाम भयो । लागू पदार्थ र महिला वेचविखन जस्ता समस्याका कारण नेपालले धेरै वटा अन्तर्राष्ट्रिय फोरममा सफाइ दिनु परेको थियो । काठमाडौं वरपरका नुवाकोट, धादिङ, काभ्रे, सिन्धुपाल्चोक, गोरखा आदि जिल्लाका खासगरी तामाङ जातका युवतीहरू भारत पुर्‍याइन्थे । उनीहरूलाई देहव्यापारका लागि त्यहाँ लगेर बेच्न गरिन्थ्यो । तामाङ जातिबाटै प्रहरी महानिरीक्षक भएका दिलबहादुर लामा (डीवी) को संरक्षण पाएर लागू पदार्थ तस्कर र महिला वेचविखन गर्नेहरू उत्साहित भएको कुरा त्यसबेलाका सञ्चारमाध्यमहरूले लेखेका थिए । ह्युमेन राइट वाच एसिया र मानव अधिकार सम्वन्धी थुप्रै संस्थाहरूले अनुसन्धान गर्दा त्यस्तै कुरा पत्ता लगाए । नेपालस्थित मानवअधिकार संगठन (इन्सेक) र भारतीय मानवअधिकारवादी संस्थाहरूको रिपोर्टमा पनि सो उल्लेख छ ।

नेपालमा भ्रष्टाचारको कथा धेरै लामो छ । भ्रष्टाचारी र अपराधीलाई संरक्षण दिने बीपी कोइरालाको नीति थिएन । तर उनको देहावसानपछि नेपाली कांग्रेस भ्रष्टाचारमा चुर्लुम्म डुब्यो । वीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, सुन्दरराज चालिसे, रामहरि जोशी जस्ता व्यक्तिहरूले काम गरेको पार्टीमा डीवी लामाहरू जस्ता मानिसहरू पस्दा टुकुचा पसे जस्तै भयो ।

राजनीतिक दलका प्रभावशाली नेता र उच्चपदस्थ कर्मचारीहरू मिलेर भ्रष्टाचारलाई संस्थागत गर्न थालेपछि पार्टीहरू वद्नाम हुँदै गए । भ्रष्टाचार र लागू पदार्थ तस्करको कथा व्यथा नबुझेका आलाकाचा पत्रकारहरूले समेत विगतको विश्लेषण नगरी वर्तमानका सतही कुराहरूलाई मात्र रिपोटिङ गर्न थालेका छन् ।

भ्रष्टाचारको जाले अहिले जताततै फैलिएको छ । अधिकांश मालदार कार्यालयहरुमा भ्रष्टाचारीहरुलाई दिनदहाडी समातेका समाचारहरु आइरहेका छन् । देशको मेरुदण्ड मानिने प्रशासनयन्त्र नै कमजोर भएपछि भ्रष्टाचार मौलाइरहेको छ । यसलाई नियन्त्रण गर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोग नै भ्रष्टाचारमुक्त हुन सकेको छैन । मन्त्रीहरु भष्ट भएपछि देशको विकासले कसरी गति लेला ? अब बन्ने नयाँ सरकार के भ्रष्टाचारमुक्त हुन सक्ला त ? त्यो हेर्न बाँकी नै छ ।

नियात्रा

**खोमदत्त बराल**

# बेलायतको सेरोफेरो-७



सायद भारतको दिल्लीको लाल किल्ला आग्राको आग्राफोर्ट र यहाँको कार्डिफ क्यासल अति उत्तम खालका किल्ला रहेछन् । रोजकिल्लेको क्यासल हेदा खासै चासो राखिएन । हालमा सम्झना भए अनुसार क्यासल बनाएर क्यासलको तल्लो भाग निकै गहिरो बनाएर पर्खाल लगाएको । पानीले भरेको साँची नै शत्रुले आक्रमण गरेर पार गर्न नसक्ने नै गरी बनाएको हुदो रहेछ ।

कार्डिक क्यासल भने अरु बढी व्यवहारिक बनाएको देखियो । अग्लो पर्खाल । वरिपरि हेर्न सक्ने गरी बनाएका पारदर्शी आखि झ्याल अग्लो ठाउँबाट गोली प्रहार गरी भार हान्न सकिने गरी बनाइएका लोभ लाग्दा बन्दुक मात्र दिर्ने झ्यालहरु साँची नै सुरक्षित किल्ला बनाइएको रहेछ । माथिल्लो भागबाट वरिपरि घुम्न सकिने विच भागमा भने कमन वेल्थका वाल वालिकाको खेलको प्रतिस्पर्धा भइरहेको रहेछ ।

इग्लैण्ड देखि साउथ वेल्सको यात्राका सुन्दरताको वर्णन कसरी गरुँ । वन जंगलको सुन्दर हरियालीले मनमोहक त बनाए कै छ । वीच वीचमा गहुँ खेती र मकै खेती उत्तिकै हेरि रहुँ जस्तो हुने । वास्तवमा नढाँटी भन्नु पर्दा जीवन भरको यात्रामा यति राम्रो सुन्दर र मनमोहक यात्रा भएै थिएन । शब्दले आत्मा सन्तुष्टि आत्मिक आनन्दलाई समेट्नै सक्दैन ।

किर्डिकमा पनि किग्स वे र घण्टाघर एकै ठाउँमा पाउँदा काठमाण्डौलाई स्मरण गरायो । काठमाण्डौमा भने नारायणहिटी दरवारको ठीक अगाडि पर्ने भएको किंगस वे भनिएको होला । कार्डिफमा भने एउटा भव्य सेतो भवन सायद निजी घर होला त्यसमा नै किंग्स वे लेखिएको रहेछ । घण्टाघर भने घडीको काँटा वाहिर नै चलेको देखिने कमरेज नभएको ठिक समय दिने घडी रहेछ । हामी त्यही भएको बेला १२ बजेको घण्टी लाग्यो । यसो हेर्दा त व्याक्कै ए सेकेण्ड पनि फरक नपर्ने समय रहेछ ।



तर मलाई काठमाण्डौ पुग्दाको अनुभव घण्टाघर वरिपरिको फोहर निर्माण कार्य शुरु गरेको महिनौ सम्म पुरा नगर्ने र सफा नगर्नै बानी देख्दा र कार्डिफको घण्टाघर वरिपरि तुलना गर्दा आफ्नो देशको कदर गर्ने ठाउँ नै पाइएन । जति नै पक्षपात गर्न खोजेर ढाकछोप गरेपनि कार्डिफको घण्टाघर वरिपरिको रमणीय क्षेत्रलाई नब्बे नम्बर दिएमा पनि काठमाण्डौलाई पन्ध्र नम्बर दिन मनले मान्दैन ।

कार्डिफको ठाउँ ठाउँमा रत्नपार्कको जस्तो बाटो मुनीबाट क्रसिंग गर्दा भने छुट्टै आनन्द । लामो पारेर केही घुमाएर बनाएको पुलमुनीको बाटो साइकल कुद्न सक्ने । व्हील चेयर लान सकिने । फराकिलो सुग्घर सफा भएर पनि एउटा संगीतकार गायकले पुलमुनी नै पियानो बजाउँदै गीत सुनाउँदै गर्दै रहेछन् भने नि मन मरोलाई पनि आनन्द चाहिने । आँखालाई सुन्दरताको चाहना रहने । जिब्रालार्य पनि मिठै चाहिने । ज्यानलाई सफा र आनन्द नै चाहिने । कानलाई पनि रमाउन मधुर स्वर चाहिन्छ । यी सबै परिस्थिती समायोजन गर्न आफूलाई सकरात्मक सोचको एउटा पूर्ण घडा नै चाहिन्छ । त्यो बाहिरी वातावरणले तयार गरिदिनु पर्छ । आत्मिक सुखको लागि लोभ लालच र माया मोह तृष्णाको सबै पक्षमा अनशकत बन्न सक्नु पर्छ । प्रशस्त प्रयास र अभ्यासले मात्र आफूलाई पोख्त पार्न सकिन्छ ।

यस पक्तिकारले बेलायतको बारेमा तानाशर्माले बेलायत तिर बरालिंदा भनेर लेखेको किताब पढेको त थियो । किताबमा के के थियो सम्झनामा छैन । छवीस सत्ताइस साल तिरको कुरा हो । सायद पेरिसको पोक्चीलाई पनि सम्झने थिइन होला । यो शीर्षकमा पनि के थियो थाहा छैन । स्त्री लिंग युक्त शीर्षक भएको कारण मात्र सम्झेको होला । ताना शर्मा संगको गुनासो छदैछ । बेलायत बरालिनका लागि पनि ताना शर्माले आफूलाई राजा संग ठूलै सम्झौता गरे रे । बेलायत तिर बरालिन कै लागि खरो कम्यूष्टि विचारधाराको कान्तिकारी योद्धा । आफ्नो ज्ञान शिप र क्षमतामा कही कतै सम्झौत ागर्न नचाहने स्वाभिमानी ताना शर्मा बेलायत घुम्नाको लोभमा नै विश्व विद्यालयका सिफारिस कर्ता पदाधिकारी देखि राजा सम्मलाई विन्ति चढाउन पर्‍यो होला । निश्चय पनि राम्रो थिएन । भोग्नेले खुशी साथ आफूलाई समर्पण गरेर भोगी सक्यो । समय पनि चालिस वर्ष भन्दा पनि लामो समय विति सक्यो । राजासंग चोचो मोचो जोडेर होस या आफ्नो जीवन भरको स्वाभिमानी आस्था घोडेर होस भोग चलन भै सक्यो आनन्दले ताना शर्माले बेलायत तिर बरालिदा लेखेर मदन पुरस्कार सम्म लिई सके । यति बेला यस पक्तिकारलाई किन चासो भन्ने पनि हुन सक्छ । आफू पनि छोरीको दीक्षान्त समारोहमा बाबु आमालाई समेत विश्व विद्यालयले आमन्त्रण गरेको कारणले बेलायत आइएको छ । यात्रा संस्मरण लेख्न इच्छा लागेको छ । मदन पुरस्कारको चाहना त थियो । भाषा, शैली, प्रस्तुतिको आकर्षण र मीठा सभा कमि हुन सक्छ । विषय प्रस्तुतीलाई भन्दा बसले लेखेको नाम चलेको लेखक हो या शिकारु मात्र हो जस्ता अनादर गर्ने प्रचलन छ । आफूले मदन पुरस्कार नपाए पनि कुनै गुनासो रहने छैन । तर ताना शर्माले बेलायतको विषयमा जे सुकै लेखेको होस् या परी सकि पोक्चा सग जे सुकै गरेको होस् । तर आफ्नै पिर छ, गुनासो छ किन बरालिदा लेख्नु पर्‍यो । बराल्ने पो बरालिदा लेख्ने पाउनु पर्छ । भण्डारीले बरालिंदा भनेर लेखेको बराललाई चाहिकिन अप्ठ्रो पार्ने त । बरालको भाञ्जा भए कै नाताले बरालको आफ्नो अप्नत्व माथि आक्रमण गर्न मिल्दैन । बरालका घरमा मावलीमा बसेर केही दिन भात खाइयो होला । मामाहरुले माया पनि गरे होलान् । बरु मामाहरुसंग कुार गरेर भात खाएको थालै लगेको भए हुने थियो । बराल थर नै कब्जा गरेर आफू खुशी प्रयोग गरेर थरलाई नै असर पार्ने गरी अनर्थ अर्थ निस्कने गरी बरालिंदा भनिनु ठिक थिएन ।

तारानाथ भण्डारी शर्माले बराल थरसंग बरालिनु नहुने कुरा हो । बेवारिसे पाराले एक ठाउँबाट विना काममा अरु ठाउँमा घुम्ने काम उपलब्धी विहिन पाराले बरालिनु ठिक थिएन । राजासंग चाचोमोचो मिलाएर, अपफ्नो सैद्धान्तिक स्वाभिमानलाई सामन्तीको पाउमा समर्पण गरेर निज सामन्ती शासकका नयके कै निगाहमा सुम्पेको खर्चमा बेलायत यात्रा गरेका व्यक्तिले बरालिंदा भनेर लेख्नु मुलुककै लागि बेइमानी थियो । जसको निगाहमा खर्च व्यवस्था गरेर धेर थोर भएको खर्च लिनु दिनु हुन्छ । बढी भएको खर्च समयमा फकाँउनु पर्छ भने अर्काको खर्चमा सीमित कामको लागि जाने मानिसले बरालिने काम गरेर बेफ्वाकमा खर्च गर्न मिल्दैन बरालिंदा भनेर देशको स्वाभिमानलाई न्यूनिकरण गर्न मिल्दैन आफ्नो दिएको कर्तव्य र जिम्मेवारीलाई अनादर गर्दै बरालिंदा भन्न कसरी मनले मान्झो होला । यो पंक्तिकारसंग आत्मा विश्वासको महासागर छ । स्वाभिमानी जिन्दगी विताउँनु सबैका वसको विषय हुँदो रहेनछ ।

आज विहानै देखि पानी पर्‍यो । टाढाको यात्रा सम्भव भएन वास्तवमा पूव सोच र कार्यक्रममा स्कटलैण्ड इडनवर्ग घुम्ने रहर थियो । अगस्तमा स्कटलैण्डमा पर्व पर्छ रे । सबै होटल बुक भएको कारण जति नै धेरै नि आँट गरे पाउने सम्भावना भएन । वेलुकाको बसमा गएर दिन भरी घुमेर बेलुका फिर्न चाहेको थियो । त्यो पनि सम्भव भएन । गइएन ।

टिभी हेरेर समय विताइयो । एक दिन पानी रह्यो । नजिकै थेम्स नदीको यात्रा गर्न रहर पलायो बुलिचबाट करिब पन्ध्र मिनेट जतिमा थेम्स नदीको वारपार गर्ने घाट पुगिँदो रहेछ । घाटमा गएर एक छिन वसियो । सानो टिनको गोठ जस्तो वनाएको विश्रामस्थल रहेछ । दुइटा वाँस जत्रो पारेर बस्ने ठाउँ पनि बनाइएको । एक छिन बसियो । तर दश बाशु जना भन्द बढी मानिस आँटिदो रहेनछ । बाटो चारवटा रहेछ । हाम्रो फेरिमा पुग्ने एउटा बाटो । विचमा गाडी जाने बाटो अर्को फेरिबाट बाहिर आएर गाडी निकालेर विपरित दिशामा जाने बाटो र मानिसहरु फर्केर जाने बाटो । सयौं गाडी ओहोर दोहोर गर्ने फेरिको क्षमता निकै बोक्न सक्ने हुँदो रहेछ । बुलिच फेरि निशुल्क रहेछ । मानिस गाडी कसैलाई पनि पैसा लाग्दो रहेनछ ।

फेरिको यात्रा २०३७ सालमा नारायण घाटको फेरिबाट गैडाकोट तिर पार गरिएको थियो । त्यसपछि २०४५ सालतिर कोहलपुर बाट सुर्खेत जाँदा ठूलै बसमा चढेर गइएको थियो । सोही यात्रामा वर्दियाको चिसापानीबाट महाकली तिर जाँदा फेरिको प्रयोग गरियो । तर यो बेलायतको थेम्स नदी । दुनियाँको ठूलो साम्राज्यको राजधानी बेलायत । हामीले विद्यार्थी हुँदै देखि बेलायत कुन नदीको किनारामा छ भनेर सामान्य ज्ञान पढ्दा देखि जानेको थेम्स नदी । आज अवसर मिल्यो ।

यस नदीले बेलायती सहरमा बस्ने फोहोर मैला आफ्नो गहिरो छातीमा समेटेको छ । यही पानीलाई सफा पारेर खान नुहाउनमा वितरण गरिन्छ । वाटर ट्रीटमेन्ट प्लान्ट राखेर शुद्ध पवित्र बनायदो रहेछ । एउटै नदी नै ऐश्वर्य र सिर्जना छ । सम्मान र गौरव समेटेको रहेछ । तर यसैमा फोहर मैला र कचैला सबैलाई आफ्नै गर्भमा अटाउँन सकेको रहेछ । पारी तरेर अलि पर चाइनिज डिपार्टमेन्टल स्टोरमा गइयो । डिपार्टमेन्टल स्टोर बुलिया डिपार्टमेन्टल स्टोर नै राखेको रहेछ ओरिन्टल फुड डिपाटमेन्टल स्टोर भनेर अर्को किनारामा लेखेर राखिएको रहेछ । प्रशस्त फुड स्टफ, सागसब्जी, फल फूल र खाद्य पदार्थहरु भएको प्रशस्त राम्रो रहेछ । सामुन्द्री प्राणीहरु जीउँदै राखेको । गंगटाहरु पनि जीउँदै पालेको चाइनिज डिपाटमेन्टल स्टोरमा खसीको मोमो बंगुरको मोमो र चिकन मोमो भनेर लेखि रहेको मोमो पइदो रहेछ । केटाकेटीले केही सामानहरु र खाद्य पदार्थहरु खरिद गरे । पानी पर्न थाल्यो । हामी पनि आफ्नो बाटो लिएर फेरिको बाटो पक्रियो । केही समयमा फेरि पुगियो । कान्छाले र उमाजीले छाता ओडेका थिए । आफूले भने असिमको हावापानी छल्ने ज्याकेट लाएको थियो । फेरिमा चढियो बेलायत तर्फ पार गर्दै आइपुगियो । फेरिमा एक जना रातो कोट लगाएको रमणी पनि थिइन । फूलको गुच्छा बोकेको थिइन । कसैलाई शुभ कामना चढाउन हिडेको होलिन । ममा आकर्षणका तन्तुहरु तनक्क तन्कन रहर गर्दै थिए । समयले नेटो काट्यो । पार भए पछि रमणी एक्लै थिइन । उनको गति तीव्र बन्यो । बाटो काटिन । पर पर नदेखिने बाटोमा विलय भइन । चाहनाले हुने भए स्वर्ग नै आफ्नो कब्जामा लिने थिए र अर्वसी मीनाक्षी नामती सबै अप्सराहरु औलामा नचाइने थियो तर संकल्प शक्तिलाई सुदृढ र बलियो बनाउन सक्नु पर्छ निरन्तर र नियमित प्रयास संग संकल्प शक्तिले मित लगाएको हुन्छ रे । मितमा हितको भाव भए पछि चुम्बक कै समान इच्छा शक्ति पनि जागरण हुन्छ ।

बेलायतको विषयमा महात्मा गान्धीले वारिष्टर पास गरेको । हरिवंश राम बचनले क्याम्ब्रिजबाट डाक्टर पास गर्दा परेको समस्या पढव्न पएको थियो । यी दुइटै भारतीय व्यक्तित्वले प्रशस्त दुःख पाएको सम्झदा भने आफूले त्यो स्तरको दुःख गरिएन । महात्मा गाँन्धी कै नातिनीले लेखेको किताव थियो । नातिनी नाम पनि विर्से । कितावको नाम पनि विर्से । तर उनको सार्ने वालख देखि बेलायतमा पढ्दा र बम्बे फर्केर वकालत जमाउँन नसक्दा निरास भएको एउटा मुसलमान व्यापारीको मुद्धा मिलाउने सिलसिलामा दक्षिण अफ्रिका गएर जनताको हक अधिकारीको लागि युद्ध छेडेको समेत पढेको सम्झना छ ।

हरिवंश राय बचनले पाएको दुःख । सरकारले दिने सुविधा पंडित जवाहर लालले निकासा गरेको पनि शिक्षा विभागले नपठाउँदा पाउको दुःख । स्कटलैण्डमा आफ्नो डाक्टरेटको पढाइ बढाउँदाको दुःख सम्झेकै छु । हरिवंश राय बचन पढाइमा बेलायतमा बस्दा श्रीमतीलाई अर्काको आँखा लगाएर दुःख दिएको कुराले हरिवंशले फर्कनु पर्ने अवस्थापनि भएको कुरा वसेरा से दुर नामक किताबमा आफैले लेखेको रहेछ । दुःख गरे पछि प्राप्ती हुन्छ भन्ने ज्ञान समयमा प्राप्त भएनछ ।

(क्रमशः)